साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ४५ २०८३ असार २ गते मंगलबार (June 16, 2026) मूल्य रू. १०/-

## धवल र दुर्गाको राष्ट्रवादी पार्टी




नाम जुरेको छैन, न्वारान कहिले हुने अस्पष्ट । तर राप्रपाबाट फुटेका धवलशमशेर जबरा र अभियन्ता दुर्गा प्रसाईंले पत्रकार सम्मेलन गरेर राजसंस्था पुनर्स्थापना गरि छाड्ने बताएका छन् । यी दुवैले हिन्दूराज्य र राजतन्त्रका लागि कसम खाएका छन् । यी दुवै नेताले जेठ मसान्तका दिन एकदोस्रालाई धोका नदिने बताएका छन् ।

पत्रकार सम्मेलनमा एकदोस्रा नेताले एकदोस्रालाई विश्वस्त पार्न समय खर्च गरे । सहकार्य कुनै हालतमा टुट्दैन भने । दुवै नेताले सबै प्रदेशमा समिति बनाएर तीन महिनाभित्रै पार्टी मजबुत हुने बताएका छन् । मलमासको बहानामा पार्टी घोषणा बिलम्ब भएको भने पनि मलमास सकिएकै दिन यो सम्मेलन भएको थियो ।

## सत्ता सुन्दरी र सुशासन



२०४६ सालदेखि २०८२ सालसम्म हरेक पार्टी, हरेक नेताले सत्तालाई सुन्दरी सम्झे, सत्ताको दुरूपयोगमात्र गरे । बहुदल र लोकतन्त्रलाई लूटतन्त्र बनाए । रत्नाकरहरूहरू बाल्मीकी बन्न सकेनन् । सम्मानित हुनुपर्ने नेतृत्व घृणामा परिणत हुनपुगे । त्यसैको परिणति भदौ २३ र २४ हो, फागुन २१ को निर्वाचन र रास्वपाको विजय अनि बालेन साहको झण्डै दुई तिहाई बहुमतको सरकार हो ।

इतिहासमा आम्रपाली विश्वसुन्दरी थिइन् । उनलाई प्राप्त गर्न मगध सम्राट अजातशत्रु लाखौं मान्छे मारेर आम्रपाली सामु पुगे । आम्रपालीको जवाफ थियो- धिक्कार छ तिमीलाई, मजस्ती एउटी नर्तकीलाई पाउन लाखौं मान्छे मार्यौ । म मानवअपराधीलाई प्रेम गर्न सक्दिन भनिन् र भिक्षुणी बनिन् । युद्ध जितेर पनि हारेका अजात शत्रु आफैप्रति घृणा गर्दै मुक्तिमार्गमा लागे । २०४६ सालपछिका हरेक नेता अजातशत्रु हुन् । सत्ता सुन्दरीका लागि अपराधमात्र गरे तर तिनीहरूमा ग्लानीबोध छैन । अझै पाप लुकाउन र सत्ता खोस्न झुत्ती खेलिरहेका छन् ?

## अल्लो उद्योग बचाउ बालेन



पूर्वदेखि पश्चिम पहाडसम्म वनमा कुहिएर जाने अल्लो अर्गानिक कपडा बनाउँदैछन् आमा समुदाय । पश्चिमको म्याग्दी होस् कि पूर्वको खोटाङ, इलाम, भोजपुर, ताप्लेजुङ सबैतिर अल्लोका कपडा बनाउन काम भइरहेको छ । अल्लोबाट कपडा बनाएर आमाहरूले आत्मनिर्भर जीवनयापन गरिरहेका छन् । वनजंगलमा खेर जाने अल्लोबाट बनाएका कपडाका राजधानीमा समेत बिक्री वितरण भइरहेका छन् । जसरी डीडीसीका उत्पादन अथवा जुत्ता, पाइजामा लगाएर प्रम बालेन साहले ती वस्तुको प्रवर्द्धन गरिदिएका छन्, त्यस्तै कार्य आमाहरूको लगनबाट उत्पादित कपडा लगाइदिए नेपालीपनको उद्धार नै हुनेथियो ।

अल्लोका कपडा, ढाका, हाकु पटासीलगायतका बस्तुतिर पनि प्रधानमन्त्रीको ध्यान जानुपर्छ । स्वदेशी उत्पादन र बिक्रीमा ध्यान दिनसके यो पनि रोजगारी र आर्थिक बृद्धिको गतिलो उपाय हुनसक्छ । अल्लोका कपडा विदेशमा पनि माग हुन्छन्, स्वदेशमा पनि उपहार दिने प्रचलन छ । यो मौलिकतालाई बचाउन तालिम, बैंक सुविधा दिनेतिर प्रम बालेन साहको प्रयास हुने हो भने गजबै हुने थियो ।

## नदी सभ्यताका लागि सरकारको महान कार्य



नारायणप्रसाद मिश्र

खोलातिरबाट हुकुमबासी, सुकुमबासी हटाई उपत्यकामा नदी सभ्यता कायम गर्ने रास्वपा र बालेन सरकारको कदम एक प्रशंसनीय कदम मान्नु पर्दछ । यस प्रशंसनीय काममा राज्य र सरकारको हक, अधिकार र कर्तव्यको कुरा नगरी अझै आफ्नो गलत स्वार्थको लागि सुकुम्बासीको अधिकारको गलत ब्याख्या र दुहाई दिई जनता भड्काउन खोज्ने दल र यसका नेताहरूलाई राष्ट्रप्रेमी जनताले सदाको लागि बहिस्कार गर्न पर्दछ । यसको साथै नेपाल अधिराज्यभर कही जग्गा जमीन घरबारी नभई जीविकोपार्जनको लागि बाध्यताबस् नदीतिरमा बसी हाल उठिबास भएका बास्तबिक सुकुम्बासीको भने बिना बिलम्ब सरकारले बसोबासको व्यवस्था भने गर्नै पर्दछ । यो सरकारको जिम्मेवारी मात्र होइन, कर्तव्यनै भन्नु पर्दछ । यो सरकार आफैले यसको कबुल पनि गरेकै छ । *बिस्तृत पेज २ मा ।*

# एमसीसी–बीआरआई द्वन्द्व



रास्वपा सभापति रवि लामिछानेले भारत भ्रमण गरेर सम्बन्धमा नयाँपन दिएर फर्केपछि भारतका नीतिकार महेन्द्र पी लामा, जो भर्खर नेपाल स्थित इसिमोडको पदाधिकारी चयन भएका छन्, उनले भने- भारतले नेपालको रास्वपासँग सम्बन्ध रिसेट गर्न चाहेको छ ।

यसको लगत्तै परराष्ट्रमन्त्री शिशिर खनाल प्रधानमन्त्रीको विशेष पत्र बोकेर जेठ ३१ गते ४ दिने चीन भ्रमणमा गएका छन् । मन्त्रीले चीनका समकक्षीसँग नेपाल-चीन सम्बन्ध, परराष्ट्रनीति, लिपुलेक, बीआरआई र लगानी बढाउने प्रस्तावमा वार्ता भएका छन् । यसैबीच विश्वका चर्चित सय व्यक्तित्वमा प्रम बालेन पनि परेकाले उनलाई अमेरिका भ्रमणको निम्तो प्राप्त भइसकेको छ । वर्षदिन कहीं भ्रमण नगर्ने भनिसकेका प्रम बालेनले भारतको निम्तो थाँती राखे पनि भारतका प्रम नरेन्द्र मोदीले नेपालको भ्रमण गर्छु भनेका छन् । प्रम बालेनको भ्रमण निधो भइसकेको छैन ।

अमेरिकी चासो नेपालमा बढेको छ, अमेरिकी सरकारका प्रतिनिधिको नेपाल आउने क्रम बढेको छ । अमेरिकी एमसीसी परियोजना द्रुतगतिमा छ । भारतले आफ्नो प्रभावक्षेत्रमा राख्न नेपालसँग सम्बन्ध रिसेट थालेको छ । चीनले नेपालसँग सहकार्य गर्दै बीआरआईमा अघि बढ्न नेपाललाई आकर्षित पार्दै छ । भारत नेपालमा रवाफिलो र प्रभाविलो उपस्थिति कायम राख्न चाहन्छ भने अमेरिका र चीन एमसीसी र बीआरआईलाई निरन्तर विस्तार र व्यवस्थित गर्न खोजिरहेका छन् । यथार्थमा नेपाल दक्षिण एसियामा भूराजनीतिक दृष्टिले विश्वशक्तिको रडारमा परेको छ । अमेरिका चीनबीच द्वन्द्व छ, संवाद पनि कायम छ । झट्ट हेर्दा रूस युक्रेनसँग लामो समयदेखि युद्धमा छ । अमेरिका-इजरायल इरानसँग युद्ध गरिरहेका छन् । युद्ध जता भए पनि स्पष्ट मोड भनेको इन्डो प्यासिफिकतर्फ नै हो ।

अमेरिका र चीनले प्रभाव विस्तार गर्ने, आफ्ना नीतिहरूलाई स्थापित गर्ने, ब्यापार मार्गहरू खोल्ने तथा सुरक्षित गर्ने र चाहेको स्थानमा पहुँच सहज बनाउन खोजिरहेका छन् । यसैको लागि लगानी, डिजिटल र आर्थिक कूटनीति फैलाउने क्रम जारी छ । चीनको बीआरआई यसैको कडी हो । यो कडीभित्र पूर्वाधार देखि राजनीति, सुरक्षादेखि निर्माण, रक्षा सहकार्यदेखि प्रजातान्त्रिक साझेदारीसहितको सन्तुलनमा एमसीसी र बीआरआईको अन्तर्निहित उद्देश्य रहेको छ । चीन, भारत, अमेरिका ब्रिक्स, एससीओ, जी २०, एआईआईबी जस्ता बहुपक्षीय संरचना अगाडि बढाइरहेका छन् । यी संरचनाभित्र सार्वभौमिकता, क्षेत्रीय नेतृत्व, इन्डो प्यासिफिक सुरक्षाका मतभेदहरूलाई लुकाएका छन् । यसकारण दक्षेसका मुलुकहरूले कसरी आफ्नो स्वराज र स्वतन्त्रता बचाउन सक्लान् ?

चीनको बीआरआई, सीपेक क्षेत्रीय बिस्तार र विश्वमाझ पहुँच र प्रभाव विस्तारका योजना हुन् । २० वर्ष पछि अफगानिस्तानबाट फर्कनासाथ चीनको प्रभाव बढेको छ । बीआरआई व्यापक भएको छ । २०१७ देखि नेपाल बीआरआईमा सामेल भए पनि सक्रय देखिदैन तर ट्रान्स-हिमालयन मल्टि-डाइमेन्सनल कनेक्टिभिटी नेटवर्क चीनको प्रभाव उल्लेखनीय बढेको छ । चीनको बीआरआई लगानी सार्कदेशमा व्यापक देखिन्छ । अमेरिका बढ्दै छ, चीनको बीआरआईले आकार ग्रहण गरिसकेको छ ।

अमेरिकी रणनीति भनेको इन्डो प्यासिफिक सुरक्षा साझेदारी नै हो । समुद्री प्रभुत्व, आतंकवादविरोधी सहकार्य र सुरक्षालाई अमेरिकाले महत्वमा राखेको छ । अमेरिकाले LEMOA, COMCASA, र BECA जस्ता सम्झौताले भारतलाई आफूतिर संलग्न गराएर चीनलाई एक्ल्याउन खोजेको छ । भारतको क्वाडमा सहभागिता चीनसँग सन्तुलनको नीति हो । भारतको रूससँग पनि बलियो सम्बन्ध छ । चीनसँग प्रतिस्पर्धात्मक देखिन्छ । अमेरिकाले जतिसुकै कम विकसित देशसँग सहकार्य र सहयोग गरे पनि चीनको गतिलाई मत्थर पार्न संघर्ष गरिरहेकै छ । चीन र अमेरिकाबीचको भ्याकुम बढेको छ । अमेरिकाले कूटनीतक र अर्थबाट सामना गर्नुपर्नेछ ।

भारत र चीन आर्थिक, सामरिक प्रतिद्वन्दी मुलुक हुन् । यद्यपि यी दुवै देश व्यापारिक साझेदार हुन्, तनाव पनि विद्यमान छन् । यी दुवै देशबीच डाक्लाम, गलवान, सियाचीन र अन्य केही सीमा विवाद छन्, सैन्य प्रतिद्वन्द्विता र भू-राजनीतिक अविश्वास पनि बढ्दो छ । यद्यपि यी दुवै मुलुक विभिन्न अन्तर्राष्ट्रिय संरचनामा साथसाथै छन् । भारतको अमेरिका निकट नीतिलाई चीन कर्के नजरले हेर्नुपर्ने विषय ठान्छ । भारत पनि चीनको पाकिस्तान निकट, अमेरिका पाकिस्तान मित्रता र हिन्द महासागरमा चीनको बिस्तारलाई चुनौती ठान्ने गरेको छ ।

नेपालको नीति : भनेको समदूरीको सम्बन्ध हो । यही नीतिमा नेपाल अड्नुपर्छ । आगामी दिनमा अमेरिका चीन, भारत चीन द्वन्द्व हरेक क्षेत्रमा बढ्नेछ । यो भूराजनीतिको भूमरीमा आफूलाई बचाउँदै शान्ति र समृद्धिको मार्गचित्र कोर्नुपर्ने छ, जुन रास्वपा र बालेन साहको सरकारका लागि फलामको च्यूरा चपाउनुजस्तै छ ।

## नेपालको निजामती प्रशासनभित्रको मौन संकट



- गालब बहादुर ढुंगाना-

एक सक्षम, राजनीतिक रूपमा तटस्थ र जवाफदेही निजामती सेवा नै हरेक सफल राष्ट्रको मेरुदण्ड हो । सरकारहरू आउँछन् र जान्छन्, तर कर्मचारीतन्त्र राज्यको स्थायी संयन्त्रका रूपमा रहिरहन्छ । जब त्यो संयन्त्र प्रभावहीन, भ्रष्ट, राजनीतिकरण र आफ्नो जिम्मेवारी वहन गर्न असमर्थ हुन्छ, तब यसले जनताको सेवा गर्न छोड्छ र विकासको बाधक बन्न पुग्छ । प्रशासनिक क्षयीकरण हरेक मन्त्रालय, हरेक सार्वजनिक सेवा र हरेक विकास आयोजनामा फैलिन्छ । त्यस अवस्थामा, प्रशासनिक कार्यसम्पादनको कमजोरीले राज्यकै प्रभावकारिता र वैधतालाई समाप्त पार्नु अघि सरकारले अर्थपूर्ण संस्थागत सुधार गर्ने साहस देखाउनै पर्छ । प्रस्तावित संघीय निजामती सेवा विधेयक २०८३ नेपालका लागि त्यस्तै एक अग्निपरीक्षाको घडी हो ।

एउटा समय थियो जब नेपालको निजामती सेवामा प्रवेश गर्नु आफैँमा एउटा गौरवको विषय हुन्थ्यो । सन् १९६२ मा एक शाखा अधिकृतको मासिक तलब १२० रूपैयाँ हुन्थ्यो जसले १.२६ तोला सुन किन्न सक्थ्यो । त्यो एक प्रतिष्ठित मध्यमवर्गीय जीवन थियो र यसले देशका सक्षम एवं महत्त्वाकांक्षी व्यक्तिहरूलाई आकर्षित गर्थ्यो जो सरकारी सेवालाई एक सार्थक वृत्तिको रूपमा हेर्थे । त्यो संसार अब बाँकी छैन किनभने आज त्यही पदको तलब मासिक ५३ हजार छ जबकि प्रतितोला सुनको मूल्य २ लाख ५० हजार रूपैयाँ पुगेको छ । वास्तविक सम्पत्तिको क्रयशक्ति मूल्यका आधारमा हेर्दा विगत ६ दशकमा यो तलबको मूल्य ८० प्रतिशतले घटेको छ । प्रखर स्नातकहरू यसको लेखाजोखा गर्छन् र निजी क्षेत्र, वैदेशिक रोजगारी वा अन्य बढी आम्दानी हुने विकल्पतर्फ लाग्छन् । परिणामस्वरूप आज यस्तो निजामती सेवा मात्र बाँकी छ जसले कुनै औपचारिक घोषणा विना नै देशका उत्कृष्ट प्रतिभाहरूलाई आकर्षित गर्ने प्रतिस्पर्धामा हारिसकेको छ र त्यससँगै प्रभावकारी रूपमा शासन सञ्चालन गर्ने क्षमता गुमाएको छ ।

त्यही शून्यताभित्र राजनीतिको प्रवेश भयो । सन् २००८ को गणतन्त्रात्मक संक्रमणपछि दलीय आबद्धता भएका युनियनहरू कर्मचारीतन्त्रभित्र छिरे र यसलाई भित्रभित्रै खोक्रो बनाए । पदस्थापन, सरुवा र बढुवा राजनीतिक लेनदेनका माध्यम बने । संस्थागत निष्ठाको ठाउँ गुटगत अस्तित्व जोगाउने दाउपेचले लियो । सन् १९९० यता नेपालले ३२ वटा सरकारहरू बेहोरेको छ जसमा १४ वटा सरकार त सन् २००८ यता मात्रै बनेका छन् र जसको औसत कार्यकाल १५.४ महिना मात्र हुन आउँछ । कुनै पनि सरकारले आफ्नो पाँच वर्षको पूर्ण संवैधानिक कार्यकाल पूरा गर्न सकेको छैन । कर्मचारीहरूले यस अस्थिरतासँग आफूलाई अभ्यस्त मात्र गराएनन् बरू उनीहरू यसै अनुरूप ढालिए । बिस्तारै दलीय हेरफेर उनीहरूको स्वाभाविक प्रतिक्रिया बन्यो, सार्वजनिक जिम्मेवारीहरू सहायक बन्दै गए र राज्यको सेवा गर्नु र राजनीतिक संरक्षकको सेवा गर्नुबीचको भिन्नता हराएर गयो । ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२५ को भ्रष्टाचार अवधारणा सूचकांकमा नेपालले १०० मा मात्र ३४ अंक पाएर १८२ देशहरूमध्ये १०९औं स्थानमा रहनु यसैको प्रमाण हो । यो अंक विगत २० वर्षमा खासै परिवर्तन भएको छैन । यो कुनै एकाध व्यक्तिको खराब आचरणको प्रतिबिम्ब होइन बल्कि यो त आफ्नो मूल उद्देश्य नै बिर्सिएको एउटा संस्थाको तस्बिर हो ।

यो समस्या समाधान गर्नै नसकिने गरी जटिल भने होइन । संसारका हरेक कामकाजी निजामती सेवाले यसको समाधान पहिल्यै निकालिसकेका छन् । बेलायतमा वरिष्ठ निजामती कर्मचारीहरूलाई आफ्नो पदमा रहन्जेल कुनै पनि दलीय राजनीतिक गतिविधिमा लाग्न पूर्ण प्रतिबन्ध लगाइएको छ । सिंगापुरमा निजामती सेवामा प्रवेश गर्दाकै बखत दलीय सदस्यताबाट राजीनामा दिनुपर्ने कानुनी बाध्यता छ । भारतमा पनि केन्द्रीय निजामती सेवा नियमावलीले सरकारी कर्मचारीहरूलाई राजनीतिक आन्दोलन वा चुनावी अभियानमा भाग लिन स्पष्ट रूपमा निषेध गरेको छ । यी कुनै निरंकुश प्रतिबन्धहरू होइनन् बरू वास्तवमै परिणाम दिने प्रत्येक प्रशासनका आधारशिला हुन् । दलीय आधारमा सङ्गठित हुन पाउने अधिकार राज्यको प्रशासनिक ढोकामा पुगेपछि समाप्त हुन्छ । नेपालले यहाँ कुनै काल्पनिक वा आमूल परिवर्तन गर्न भनिएको होइन बरू सक्षम देशहरूले पुस्तौंदेखि गर्दै आएका अभ्यासलाई पछ्याउन भनिएको हो ।

प्रस्तावित संघीय निजामती सेवा विधेयक २०८३ ले ठ्याक्कै यही काम गर्न खोजेको छ । यस अन्तर्गत कुनै पनि प्रकारको दलीय राजनीतिक सदस्यताको परिणाम तत्काल र स्थायी बर्खास्तगी हुनेछ । दुई वर्षको कुलिङ अफ पिरियड अर्थात् संक्रमणकालीन निष्क्रिय अवधिले सेवाबाट अवकाश पाउनासाथ अर्को हप्ता राजनीतिक पुरस्कारका रूपमा कूटनीतिक नियुक्ति लिने प्रवृत्तिलाई बन्द गरिदिने छ । दलीय ट्रेड युनियनहरू पूर्ण रूपमा खारेज हुनेछन् र तिनीहरूको ठाउँ एउटा तटस्थ आन्तरिक गुनासो सुनुवाइ प्रक्रियाले लिनेछ । एक स्वतन्त्र निजामती सेवा बोर्डले मन्त्रालयहरूको मनोमानी सरूवा गर्ने अधिकार खोस्नेछ । एउटा प्रस्तावित संशोधनले त योभन्दा अघि बढेर ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवा अवधि पूरा गरेका प्रत्येक कर्मचारीलाई एकमुष्ट अनिवार्य अवकाश दिने व्यवस्था गरेको छ जसले एउटै कानुनी निर्णयबाट ५२ जना सचिव र २६८ जना सहसचिवसहित करिब १५ हजार कर्मचारीहरूलाई बिदाइ गर्नेछ । वरिष्ठ अधिकारीहरू यसलाई संस्थागत सम्झना र अनुभवको क्षति भनिरहेका छन् तर त्यो सम्झनाभित्र कस्तो अभ्यास संचित छ भनेर सोध्नुपर्ने बेला आएको छ । जसले यो प्रश्न सोध्ने र उत्तर अनुसार काम गर्ने हिम्मत गरे ती देशहरूले कहिल्यै पछुताउनु परेन ।

मार्गरेट थ्याचरले बेलायतको निजामती सेवालाई झण्डै एक तिहाइले घटाउँदा त्यहाँको उत्पादकत्व बढेको थियो । सिंगापुरले चुस्त र जवाफदेही कर्मचारीतन्त्रकै बलमा विश्वकै सबैभन्दा प्रतिस्पर्धी अर्थतन्त्र सञ्चालन गरिरहेको छ जहाँ हरेक पद आजीवन सुरक्षाको ग्यारेन्टी नभएर कार्यसम्पादन सम्झौतामा आधारित हुन्छ । यसमा सबैभन्दा अनुकरणीय उदाहरण दक्षिण कोरियाको हो । सन् १९६० मा त्यहाँको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन मात्र १,०२७ अमेरिकी डलर थियो जसले उसलाई पृथ्वीकै सबैभन्दा गरिब राष्ट्रहरूको सूचीमा राखेको थियो र जुन तत्कालीन नेपालको अवस्थासँग मिल्दोजुल्दो थियो । आज पूर्णरूपमा तटस्थ तथा योग्यतामा आधारित निजामती सेवा र कठोर संस्थागत जवाफदेहिताकै कारण दक्षिण कोरियाको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ३७ हजार अमेरिकी डलरभन्दा माथि पुगेको छ र ऊ विश्वको १४औं ठूलो अर्थतन्त्र बनेको छ । यो पाठ निकै स्पष्ट छ कि जुन निजामती सेवामा हरेक पद योग्यताले आर्जन गरिन्छ त्यसको कार्यसम्पादन हरेक पद राजनीतिक संरक्षणमा सुरक्षित गरिएको सेवाभन्दा कयौं गुणा उत्कृष्ट हुन्छ । सार्वजनिक सेवा जनताले सुम्पेको एउटा सुअवसर हो, यो जवाफदेहिताभन्दा बाहिरको सुरक्षित जागिर होइन । अघि नबढ्ने र थन्किने फाइल रोजगारीको प्रमाण होइन बरू यो त जनताको सेवा गर्न स्थापना भएको प्रणालीले जनताकै पर्वाह गर्न छोडेको प्रमाण हो ।

कर्कट रोग अर्थात् क्यान्सरले कहिल्यै सम्झौता गर्दैन र यो आधा अधूरा उपायहरू वा ढिलासुस्तीबाट निको हुँदैन । यसलाई बिरामी बचाउने मुख्य अङ्गहरूमा फैलिनु अघि नै पूर्ण रूपमा र बिना कुनै संवेग निकालिनुपर्छ । नेपालको निजामती सेवा विगत तीन दशकदेखि यही क्यान्सरसँग बाँचिरहेको छ र एक पछि अर्को आउने प्रत्येक सरकारले यस बिसंगतिलाई जरैदेखि उखेल्नुभन्दा यसको व्यवस्थापन गरेर बस्नु नै बढी सुविधाजनक ठाने । यो प्रवृत्ति अब कि त सधैंका लागि बदलिनेछ कि कहिल्यै बदलिने छैन । वर्तमान सरकारसँग संसदमा झण्डै दुई तिहाइको बहुमत छ, जुन विगतका ३२ वटा सरकारहरूमध्ये कसैसँग पनि थिएन र जसले गर्दा अकर्मण्यताका लागि कुनै पनि बहाना बनाउने ठाउँ बाँकी रहँदैन । विगतका प्रत्येक सरकारसँग कमजोर बहुमत वा अस्थिर गठबन्धन जस्ता बहानाहरू थिए तर यो सरकारसँग त्यो छुट छैन । अब जे हुन्छ त्यो एउटा सचेत निर्णय हुनेछ, कुनै परिस्थितिजन्य बाध्यता हुनेछैन । यो अवसरको ढोका अहिले खुलेको छ तर यो धेरै समय खुला रहनेछैन ।

# नदी सभ्यता कायम गर्न निमित्त वर्तमान सरकारको महान कार्य



नारायण प्रसाद मिश्र

बन जङ्गल जस्तै नदीनाला, पोखरी, ताल, झर्ना, समुद्र आदि पनि मनुष्यको लागि उतिकै आनन्ददायी, मनमोहक हुन्छ । हाम्रो देशमा समुद्र नभएपनि हाम्रा पनि ठूला साना नदीहरू छन् । काठमाडौं उपत्यकामा ठूला नदीहरू नभएपनि यहाँ भएका हनुमन्ते, खसाङखुसुङ, मनहरा, बागमती, बिष्णुमती आदि नदीहरूले यस उपत्यकालाई कम मनमोहक र आनन्ददायी बनाएको छैन । जन्मदेखि मरणसम्म हामीले गर्ने रीतिरिवाज, धर्मकर्म, धार्मिक संस्कारका हाम्रा मुख्य मुख्य मठमन्दिर, धार्मिक स्थलहरू यिनै नदीका किनारहरूमा रहेका छन् । नदी तिरमा परापूर्व काल देखि रहेका हाम्रा घाट,मन्दिर, धर्मशाला, पाटीपौवाले हाम्रो मुलुकमा रहेको नदीसभ्यता उजागर गरिरहेका छन् ।

म भक्तपुर निबासी जीवनको बदलिदो क्रममा त्रिभुवन विश्वविद्यालयको सेवामा रहन गएको र यसैक्रममा चोभार सुन्दरिघाटस्थित त्रि.बि प्राध्यापक आबास गृहमा हाम्रो आवास हुन गएकोले २०२७ साल देखि मेरो बसोबास बागमती तिरमा हुन गयो । २०२६ सालमा बल्खु बागमती तिरमा मैले घडेरीको लागि जग्गा किनेको र सो जग्गामा २०३०/२०३१ तिर घर बनाई प्राध्यापक आबास गृहबाट त्यहाँ सरेपपछि स्थायी रूपमा म बागमती तिरको रैथाने हुन गएँ । यसैले यो नदीको प्रकृति, स्वभाव, ब्यवहार मैले अति नजीकवाट अवलोकन गरेको छु । यो नदीनै होइन कि जस्तो अति कम पानी रहने बग्ने बेलाको सुक्खा यामको वागमती, एक नदीको किनारबाट अर्को नदीको किनार सम्म टम्म पानी भर्ने बर्षायामको बागमती र अति वर्षा र बाढी बेलाको भयङ्कर रौद्र रूपको बागमती मैले बराबर देखेको छु । तर यसले आफ्नो सीमाना कहिल्यै पहिले नाघेन । मेरो ५४ वर्षको बसाइमा २०८१ अगाडि मेरो घरबारीमा यसको बाढी कहिल्यै पसेन ।

२०३१ तिर म बल्खुमा सरेको बेला सम्म पनि बागमती निर्मल र पवित्र भएको र बल्खु गाँउका बासीहरू बागमती र बल्खुकै पानी खान्थे, पिउथे भन्दा आज धेरैलाई जरूर बिश्वास गर्न गाह्रो हुन्छ । बल्खु चोकको आसपास कसैको कुवा, इनार थिएन । त्यहाँ कलधारो थिएन । त्यो ठाउँमा इनार बनाउने र राख्नेमा हामी पहिलो भएका थियौं ।

सुन्दरीघाटको त नामनै सुन्दरी भएकोले कुनैबेला यो कति सुन्दरी होली भनी अनुमान गर्न र कल्पना गर्न त सकिन्छ नै । साधारणतः चारैतिर कुनै बाक्लो घर घडेरी नभएको कीर्तिपुर, चोभार जाने १५-१६ फिटको साघुरो तर मोटर जाने मुल सडकमा पर्ने दायाँ बायाँ ४/५ घर मात्र भएको हानाङ्गुलु नामको हालको बल्खु चोक प्राकृतिक सौन्दर्यतामा सुन्दरीघाट भन्दा कम सुन्दर थिएन । मुल सड़कको पश्चिम बल्खु खोला र पूर्व बागमतीको फराकिलो नदी रहेको बल्खु र बागमतीको यो संगमस्थल सुन्दर, शान्त र मनमोहक एक आनन्दायी ठाँउ र गाँउ थियो । धुवाँ, धुलो, आवाज, कोलाहलले ग्रसित आजको चक्रपथको दुषित बातावरण यहाँ थिएन । हामी यो सुन्दर, शान्त, रमणीय स्थलको स्थायी बासिन्दा थियौं । यस्तो रमणीय स्थलमा घरबारी हुन गएकोमा त्रिभुवन विश्वविद्यालयकी प्रथम महिला प्राध्यापक र प्रथम प्रमुख लाइब्रेरियन मेरी श्रीमती शान्ति मिश्र र म अति भाग्यशाली भएको हामी सम्झिन्थ्यौं । हामी कहाँ आउने परिवार, नातेदार, इष्टमित्र, साथीभाइ सवै त्यस्तै मन्त्रमुग्ध हुन्थे । त्यस्तै हामीलाई भाग्यशाली सम्झिन्थें । त्यस्तै काम विशेषले आउने कामदारहरूले पनि बल्खु र बागमतीको सुन्दरता देखी, हेरी नदीलाई नारायण भगवान् सम्झी साक्षात भगवान नारायणको दर्शन पाउने ठाउँ रहेछ, क्या आनन्दको ठाउँ भन्थे । रमाउथे । नदीको दायाँ बायाँ नदीको डीलमा रहेका सदा हरिया हेर्दै रमाइलो बैंसका रूखहरूमा अंग्रेजीमा किङफिसर भनिने सुन्दर बहुरङ्गी चरा, बकुल्ला,सारस्, चिल, गिद्ध आदि थरी थरीका चराहरू बस्थे । यस्तो बागमती क्षेत्रको रमाइलो दिन बातावरण आज सपना हो कि विपना जस्तो भएको छ ।

यै सन्दर्भमा म एउटा रमाइलो कुरा यहाॅ राख्न चाहन्छु । उवेला अर्थात २०३१ तिर काठमाडौमा अहिले जस्तो धेरै बिदेशीहरू थिएनन् । कसैलाई बहालको लागि घर आबश्यक परे खोजी गरिदिने ब्यक्ति वा त्यस्तो काम गर्ने कार्यालय, संस्था पनि धेरै थिएनन् । बहालको लागि घर खोज्ने कुनै बिदेशीले आफूले बहालको घर चाहेको कुराको बिज्ञापन अग्रेजी अखवार द राइजिङ नेपालमा दियो । चाहेको घरको बिवरणमा- सानो बङ्गला, खुल्ला ठाउँमा अवस्थित, बगैंचा र रूख बिरूवा भएको, घरबाट हिमालको राम्रो दृश्य देखिने लेखिएको थियो । सम्पर्कमा टेलिफोन नम्बर र मान्छेको नाम नभई पोष्ट बक्समात्र राखिएको थियो । उनले चाहेको घर र हाम्रो घर पुरापुर मिलेको जस्तो लागेकोले हामीले सोही कुरा र हाम्रो टेलिफोन नम्बर समेत लेखी पत्र पोष्टबक्स ठेगानामा नै पठायौं । उनले फोन गरेपपछि बागमती पुलमा भेटी घर देखाउने समय मिलायौ । पुलमा भेटी पुल नजिकैको घर बगैचा अनि घरैको पूर्व वागमती र मेरो घर बिचको अलि धानखेत र निर्मल बागमती र घरको उतर मनमुग्ध हिमाल देख्ने बितिक्कै उ घर भाडामा लिन तयार भए । सोही घर बगैचामा रहेको हाम्रो अर्को २४ - १९ फिटको निर्माणाधिन सानो कुटी छिटो पुरा गरी सर्नको लागि हामीलाई केही अग्रीम बहाल रकम पनि दिए । उ त्यो घरमा वसे । यो हुनुमा बल्खु र बागमती खोला नदीको सौन्दर्यता र आकर्षणको करिस्मा थियो ।

केही दशक यता प्रजातन्त्रको नाममा मुलुकमा चलेको दलतन्त्र, नेतातन्त्र, मनपरीतन्त्र, आफन्ततन्त्र र बेइमानी, बदमासी, झूठ र ठगीको नामनै राजनीति भन्ने जस्तो गरी चलाइएको कुराजनैतिक नीति र ब्यवस्थाले गर्दा देश अधोगतिमा धकेलिदै गयो । यसैको फलस्वरूप काठमाडौं उपत्यकामा रहेका खोलानाला नदीहरूको पनि बिनाश हुदै गयो । ठाउँठाउँमा अब्यवस्थित बसोबास्, अब्यबस्थित बिना योजना जताततै आफुखुशी सड़क विस्तारको फलस्वरूप जताततै शहरको चर्पी, रछ्यान् र नालको ढल सोझै खोला नदीमा मिसाउने काम भयो । त्यो भन्दापनि बढी काठमाडौं नगरपालिकाकै योजना र बहादुरीमा नदीतिरको बगरमा काठमाडौंको फोहर थुपार्ने र पुर्ने काम भयो । त्यहीं फोहरमाथि सडक निर्माण गर्ने काममा बहादुरी देखाउने काम भयो । यसरी अतिक्रमित र ढलमती बनाएको नदी तिरको जग्गा राजनैतिक दल, नेताहरूसंग घनिष्ट सम्पर्क सम्बन्ध भएका धेरै छट्टु हुकुमबासीहरू साथसाथै कोही गाउँठाउँबाट आएका सुकुमबासी नामका टाठाबाठा महानुभाबहरूले कब्जा गरे । देशको सरकारले यसमा आँखा बन्द गरे । राजधानीमै पनि देशको कानून यहाँ लागेन । सरकारी जमीन् एकदिन छोडनु पर्छ भन्ने डर भर मनमा राख्नुको सट्टा मनै यसको सर्बेसर्बा मालिक भए भन्ने मझ्त्तले ढलानघर पसल समेत निर्माण गरी बस्न थाले । देशको प्रधानमन्त्री भएका र भइसकेका नेता भनाउदाहरूले समेत यो सोरहैआना गैरकानूनी निन्दनीय काममा आफनो दलगत् स्वार्थको लागि साथ दिन थाले । मेरो देशको सुन्दर रमणीय नदीखोला यसरी अति दुर्गन्धको ढलमती भएकोले यसको दायाँबायाँको सुन्दर, रमणीय बस्ती मान्छे बस्न गाह्रो दुर्गन्धीको बस्ती हुन गयो । यहाँ आउँदा बिदेशीहरूले नाक बन्द गर्ने र मुख बिगार्ने हुन गयो । यसरी अतिक्रमित र दुर्गन्धी बागमतीको सम्पूर्ण क्षेत्रफलमा एक भाग सडक, एक भाग सुकुम्वासी बस्ती हुनजादा नदी बहावतको लागि एक भागमात्र वाॅकी रहन गयो । यसैको फलस्वरूप नदीतिरको बस्ती बर्षौनी बाढीको चपेटामा परयो । यसैको परिणाम स्वरूप २०८१ असोज १२ को बाढी मेरो बारीमा मात्र होइन, घर भित्र पस्यो । कारण अति बर्षा भन्दा बागमतीको लागि बग्ने ठाँउ भएन । यसैको परिणाम केही दशक अघि स्वदेशी बिदेशी सबैको आकर्षणको केन्द्र मेरो बल्खु चोकको एरियामा कोही पनि बिदेशीले आँखासम्म नलगाउने स्थिति हुन गयो अर्थात मान्छेले बस्न मन पराउने ठाँउ हुन गयो ।

यस सन्दर्भमा खोलातिरबाट हुकुमबासी, सुकुमबासी हटाई काठमाडौं उपत्यकामा नदी सभ्यता कायम गर्ने रास्वपा र बालेन सरकारको कदम एक प्रशंसनीय कदम मान्नु पर्दछ । यस प्रशंसनीय काममा राज्य र सरकारको हक, अधिकार र कर्तब्यको कुरा नगरी अझै आफनो गलत स्वार्थको लागि सुकुम्बासीको अधिकारको गलत ब्याख्या र दुहाई दिई जनता भड्काउन खोज्ने दल र यसका नेताहरूलाई राष्ट्रप्रेमी जनताले सदाको लागि बहिस्कार गर्न पर्दछ । यसको साथै नेपाल अधिराज्यभर कही जग्गा जमीन घरबारी नभई जीबिकोपार्जनको लागि बाध्यताबस् नदीतिरमा बसी हाल उठिबास भएका बास्तबिक सुकुम्बासीको भने बिना बिलम्ब सरकारले बसोवासको ब्यवस्था भने गर्नै पर्दछ । यो सरकारको जिम्मेवारी मात्र होइन, कर्तब्यनै भन्नु पर्दछ । यो सरकार आफैले यसको कबूल पनि गरेकै छ ।

तर सुकुम्वासीको नाममा काठमाडौं वा कुनै शहरमा आई बसोबास गर्ने जतिलाई त्यही वसोवास गराउने हुन गयो भने गाउँबाट शहर आउने र यस्तै गरी बस्ने स्थिति भविष्यमा पनि जरूर हुन जान्छ । मान्छेमा यो प्रवृति नहोस् भन्ना खातिर बसोबासको लागि जग्गा जमीन दिदा पनि जुन ब्यक्ति जुन जिल्लाबाट आएका हुन्, भएसम्म उसलाई सोही ठाउँको जग्गा जमीन दिने व्यवस्था गर्नु उचित हुन्छ । साथै आफ्नो गाउँठाउँ वा अन्यत्र रहेको घरजग्गा कुनै किसिमले लुकाई, छिपाई, ढाँटी, झुट्ठा बोली कसैले नक्कली सुकुम्वासी बनी सुकुम्वासी सुविधा लिएको कुरा भविष्यमा प्रमाणित हुन आएमा त्यस्ताको आपनो पहिले भएको घर जमीन समेत खोसी सुविधा लिएको घर जमीन फर्काइलिने कडा नियम कानून हुनु र सम्बन्धित ब्यक्तिलाई यो कुरा अहिलेनै अवगत गराई कागजातमा सही गराइराख्न पनि जरूरी छ । यसो हुनसके सायद छल्ने, ढाँटने समस्या कम हुन सक्छ । अन्यथा फेरिपनि नक्कली सुकुम्बासीकै हातमा सुकुम्बासी सुविधा पर्न सक्छ । कुलेश्वर आबास गृह र अन्य सरकारी आवास् गृह यस्तै गरी ढाँटी आफनो बाबु बाजेको नामको आफ्नो हक अधिकारको घरबारी लुकाई ढाँटी घरबारी सुबिधा भोग गर्ने काठमाडौं उपत्यकाकै कर्मचारी अधिकृतहरू समेत रहेको कुरा देख्ने सुन्ने र थाहा पाउनेहरू अझै जीवित छन् । यसैले यसतर्फ पनि देशको सरकार सचेत रहन जरूरी छ । अझै पनि यो महान काममा वाधा अड्चन् विरोध गर्ने मुलुकको बिकास विरोधी ,जन कल्पाण. बिरोधी भडूवा दल र नेताहरूसंग लड्दै भिड्दै पनि वर्तमान सरकारले उपत्यकाको नदी सभ्यता कायम गर्ने कुरामा अव शङ्का छैन । यो महान प्रशांसनीय कामको लागि राष्ट्रप्रेमी नेपाली जनताले वर्तमान सरकारप्रति कृतज्ञता प्रकट गर्नै पर्दछ ।

narayanshanti70@gmail.com

***लेखक परिचयः नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा असंख्य लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख, तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।***

# कामकुरो एकातिर परराष्ट्रमन्त्री चीनतिर



**डा. केशव देवकोटा**

*नेपालजस्तो दुई ढुंगाको तरूलकारूपमा रहेको मुलुकले भारतलाई ठूल्दाई र चीनलाई पराईको ब्यवहार गरेसम्म नेपालको कदापि उन्नति र प्रगति हुने देखिएको छैन । त्यसैगरी कागजी र मुखले असंलग्न परराष्ट्र नीति अवलम्बन गरेको भनेपनि ब्यवहारमा अमेरिकापरस्त विदेश नीति रहेसम्म नेपालको दुर्दशा कायम रहने छ ।*

नेपालमा राजनीतिक गतिरोध जारी छ । आर्थिक संकट बढिरहेको छभने समस्याको समाधानगर्न सर्बदलीय र सर्बपक्षीय सम्मेलनको माग पनि भैरहेको छ । रास्वपाको नयाँ सरकारले बिद्यमान संसदीय बहुदलीय ब्यवस्थाप्रति कुनै प्रतिबद्धता पनि जनाउन सकिरहेको छैनभने नयाँ राजनीतिको खाका पनि दिन सकिरहेको छैन । बर्तमान सरकारमा भारत, अमेरिका र स्वतन्त्र तिब्बत समर्थकहरूको बोलावाला रहेको राजनीतिक बृत्तमा चर्चाको बिषय भएको छ । यस्तो अवस्थामा नेपालका परराष्ट्रमन्त्रि शिशिर खनाल गत जेठ ३१ गते छिमेकी चीनको भ्रमणका लागि बेइजिङ पुग्नुभएको छ । एकाएक हतारोमा भारतको भ्रमण गरेर उहाँ तत्कालै चीन पुग्नुलाई महत्वकासाथ हेरिएको छ । परराष्ट्रमन्त्री खनाल चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा चीनको चार दिवसीय भ्रमणका लागि बेइजिङ पुग्नुभएको हो । उहाँले चीनमा रहँदा आफ्ना समकक्षी वाङसँग हिजो सोमबार नेपाल चीन सम्बन्ध अझ सुदृढ बनाउने तथा आपसी सहकार्यलाई अझ सबल बनाउनेलगायतका बिषयमा छलफल गर्नुभएको भन्ने कुराहरू बाहिर आएका छन् । भ्रमणकोक्रमलाई हेर्दा नेपालले अन्तराष्ट्रिय लगानीको चाहना राखेको र चीनले नेपालमा बढ्दो अमेरिकी गतिबिधिको नियन्त्रण र बीआरआई परियोजनाको कार्यान्वयन चाहेको देखिएको छ । नेपाल र चीनबीचको भ्रमणको श्रृंखला लामो छ । नेपालले चीनसँग हरेक बिषयमा संझौतागर्ने तर कार्यान्वयनमा तदारूकता नदेखाउने गर्दैआएको चिनियाँ पक्षको आरोप रहने गरेको छ । नेपालमा गत भदौ २३ र २४ मा भएको अप्रत्याशित घटनापछि निर्वाचन भएर नयाँ दल सरकारमा आएका कारण सबैतिर चासोकासाथ हेरिएको छ । घटनाक्रमलाई हेर्दा सन् १९७३ मा तत्कालीन राजा वीरेन्द्रले चीनको भ्रमण गर्नुभएको पाइन्छ । राजा वीरेन्द्रको चीन भ्रमणपछि नेपालले मुस्ताङमा रहेका तिब्बती खम्पा लडाकुविरूद्ध अपरेसन गरेर उनीहरूलाई निःशस्त्र पारेको थियो । त्यतिबेला पनि अमेरिकी सहयोगमा तिब्बती लडाकुहरूले तिब्बतमा विद्रोहको तयारी गरेका थिए ।

नेपालका राजाको भ्रमणपछि त्यो समस्या समाधान भएको थियो र चीन सुरक्षाको मामिलामा नेपालप्रति बिश्वस्त भएको थियो । राजा वीरेन्द्रले आफ्नो कार्यकालमा आठपटक चीनको भ्रमण गर्नुभएको थियो । जहिले पनि चीन नेपालको सार्बभौमिकता र अखण्डताप्रति सजग देखिन्थ्यो भने नेपालले पनि चीनको सुरक्षामा बिशेष चासो राख्ने गरेको थियो । इतिहासलाई पल्टाएर हेर्दा चीनबाट सन् १९८४ मार्चमा राष्ट्रपति ली सियान्नियानको नेपाल भ्रमण भएको थियो । चीनसँग शान्ति तथा मैत्री सन्धी भएको २४ वर्षमा राष्ट्रपतिस्तरको सो पहिलो भ्रमण थियो । त्यसको तीन वर्षपछि राजा वीरेन्द्र सन् १९८७ मा चीन भ्रमणमा जानुभएको थियो । नेपालभित्र पञ्चायती ब्यवस्था विरूद्ध माहोल बनिरहेको र त्यसलाई भारतले सहयोग नगरेको अवस्थामा राजा वीरेन्द्रले चीनको साथ खोज्नु भएको भनिएको थियो । सन् १९८९ नोभेम्बरमा प्रधानमन्त्री मरिचमानसिंह श्रेष्ठको चीन भ्रमण भएको थियो । त्यसपछि नेपालमा चीनले ६७ ट्रक एयरक्राफ्ट गन र गाडी पठाएको थियो । त्यसलगत्तै भारतले नेपालमाथि नाकाबन्दी लगाएको थियो । ०४६ को परिवर्तनपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सन् १९९२ को मार्चमा चीनको भ्रमण गर्नुभएको थियो । त्यसैगरी सन् १९९५ अप्रिलमा प्रधानमन्त्री मनमोहन अधिकारीको चीन भ्रमण भएको थियो । सन् १९९६ अप्रिलमा प्रधानमन्त्री शेरबहादुर देउवाले चीन भ्रमण गरेलगत्तै राजा वीरेन्द्र पनि चीन भ्रमणमा जानुभएको थियो । त्यसको नौ महिनापछि चीनबाट राष्ट्रपति जियाङ जेमिनको नेपाल भ्रमण भएको थियो । जियाङले सन् १९९६ को डिसेम्बर ४ र ५ मा नेपाल भ्रमण गर्नुभएको थियो । सोही वर्षको मार्चमा चिनियाँ प्रधानमन्त्री झु रोङ्झीको पनि नेपाल भ्रमण भएको थियो । राजा वीरेन्द्र सन् २००१ मार्चमा चीन भ्रमणमा जानुभएको थियो । त्यसको तीन महिनापछि नै वीरेन्द्र र उहाँको परिवारको वंशनास भएको थियो । वीरेन्द्रको वंशनासपछि युवराज पारसले २००५ अगष्टमा चीनको भ्रमण गरेको पाइन्छ । उहाँले चिनियाँ राष्ट्रपति हु जिन्ताओसँग भेटवार्ता गर्नुभएको थियो । त्यसैगरी तत्कालीन राजा ज्ञानेन्द्र सन् २००५ को अप्रिलमा चीनको औपचारिक भ्रमणमा जानुभएको थियो । त्यसपछि नेपालमा गणतन्त्रको घोषणा भएको थियो । गणतन्त्रको घोषणासँगै प्रधानमन्त्री पुष्पकमल दाहालले चीनको भ्रमण गर्नुभएको थियो ।

त्यसैगरी राष्ट्रपतिहरू डा. रामवरण यादव र बिद्यादेवी भण्डारीले चीनको भ्रमण गरिसक्नुभएको छ । तर बर्तमान राष्ट्रपति रामचन्द्र पौडेलको चीन भ्रमण हुनसकेको छैन । गणतन्त्र स्थापनापछि नेपालमा प्रधानमन्त्री भएकामध्ये झलनाथ खनाल र डा. बाबुराम भट्टराई तथा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले पनि चीनको औपचारिक भ्रमण गर्नुभएन । बाँकी सबै प्रधानमन्त्रीले चीन भ्रमण गर्नुभएको पाइन्छ । सन् २०१९ को अक्टोबर १२ र १३ मा भएको चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणलाई बिशेष महत्वकासाथ लिने गरिन्छ । त्यसक्रममा नेपालले केरूङ काठमाडौं रेल निर्माणसम्बन्धी घोषणागर्न चीनसँग प्रस्ताव गरेको थियो । त्यसबेला रेलमार्ग निर्माणबारे तीनवटा विकल्पमा छलफल पनि भएको भनिएको थियो । जसमा पहिलो, चीनले रेलमार्ग निर्माणको घोषणा गरिदिनुपर्ने । दोश्रो नेपालले सांकेतिकरूपमा १० प्रतिशत सफ्ट लोन लिने र ९० प्रतिशत रकम चीनले अनुदानमा दिनुपर्ने । रेलमार्गको सम्भाव्यता अध्ययन चीनले गरिदिनुपर्ने रहेका थिए । त्यसपछि चीनले रेलमार्गको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारगर्ने जिम्मा लिएको थियो । त्यसअनुसार सर्भे पनि भयो । तर हालसम्म रेलमार्ग निर्माणको काम अगाडि बढिरहेको छैन । चीनले सन् २०२२ सम्ममा केरूङसम्म रेलमार्ग ल्याउने भनेकोमा सो काम सिगात्सेबाट शुरू समेत भैरहेको छैन । नेपाल र चीनबीच बिभिन्न समय र सन्दर्भमा बिभिन्न खालका दर्जनौ सन्धी सम्झौताहरू भएका छन् । तर कार्यान्वयनभने मन्द अवस्थामा रहेको छ । तत्कालीन राष्ट्रपति बिद्यादेवी भण्डारीको चीन भ्रमणकाक्रममा सन् २०१६ मा नेपाल र चीनबीच पारवहन तथा यातायात सम्झौताको प्रोटोकलमा हस्ताक्षर भएको थियो । सो सम्झौताले नेपाललाई चीनका बन्दरगाहहरू प्रयोगगरी तेश्रो मुलुकसँग ब्यापारगर्ने वैधानिक बाटो खोलेको थियो । तर नेपालले सो मार्ग प्रयोगगर्ने तिर खासै ध्यान नै दिइरहेको छैन । रूसबाट सामान नेपाल ल्याउन भारतभन्दा चीनतर्फको मार्ग सहज र छोटो मानिन्छ । तर भारतको अवरोधका कारण चीनतर्फको मार्ग प्रयोग हुन नसकेको देखिएको छ ।

आर्थिक तथा प्राविधिक सहकार्य सम्झौता, नेपालको उत्तरी क्षेत्रमा जीविकोपार्जनमा सहायतासम्बन्धी सम्झौता, भन्सारमा सहकार्य तथा प्रशासनिक सहकार्यसम्बन्धी सम्झौता, नेपाली गुणस्तर तथा मापदण्ड विभाग र चीनको गुणस्तर प्रशासन सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । नेपालबाट चीनमा सांस्कृतिक सम्पदाको अवैध ओसारपसार एवं चोरी निकाशी रोक्ने सम्झौतामा पनि हस्ताक्षर भएको छ । प्रायः सम्झौताहरू प्रभावकारीरूपमा कार्यान्वयन भैरहेका छैनन् । नेपाल र चीनका बीचमा यातायात तथा पारवहन सम्झौता भएपछि नेपालको पारवहनमा भारतसँगको एकल परनिर्भरता औपचारिकरूपमै तोडिएको भनिन्थ्यो, तर यसको कार्यान्वयनमा हालसम्म तदारूकता आउन सकेको छैन । सो संझौताले कागजीरूपमै भएपनि चीनका सातवटा बन्दरगाहमा नेपालको पहुँच स्थापित भइसकेको छ । नेपाललाई तियान्जेन, सेनजे, लियानयुंगाङ र झाङजियाङजस्ता सामुद्रिक बन्दरगाह प्रयोगगर्न सक्ने अधिकार दिइएको छ । लान्जाओ, ल्हासा र सिगात्से सुक्खा बन्दरगाह पनि प्रयोगगर्न सकिने भनिएको छ । तर कार्यान्वयन पक्षभने कमजोर रहेको छ । नेपाल र चीनबीचका तीनवटा नाका अन्तर्राष्ट्रिय व्यापारका लागि र तीनवटा नाका दुईदेशीय व्यापारका लागि खुला गरिएको भनिएको थियो । तर त्यसको पनि खासै प्रयोग हुन सकिरहेको छैन । जसमा नेपालको अन्तराष्ट्रिय संलग्नता प्रमुख कारण रहेको छ । नेपालको शासन सत्तामा आउनेहरूको संलग्नता प्रायः भारत र अमेरिका लगायतका पश्चिमा राष्ट्रसँग बढी हुने भएकाले चिनियाँ पक्ष भित्रभित्रै चिढिने गरेको छ । छिमेकी चीनसँग अशल सम्बन्ध स्थापित गर्न/गराउन चाहाने नेपाली नेताहरू कि मारिएका छन्भने कि सत्ताच्युत हुनेगरेका छन् । नेपालका प्रधानमन्त्रि केपी ओलीले पछिल्लो कार्यकालमा चीनसँग बढी सम्बन्ध बढाएकै आरोपमा गत भदौ २३ र २४ को घटना भएको धेरैको ब्याख्या र बिश्लेषण रहने गरेको छ । उहाँलाई नेपालको शासन सत्ताबाटमात्र नभएर पार्टीको नेतृत्वबाटसमेत किनारा लगाउन हालसम्म पनि अनेक प्रयासहरू भैरहेका छन् । चीन बिरोधी मानिएको स्वतन्त्र तिब्बत समुहले उहाँलाई तारो बनाएको देखिएको छ ।

यस्तो अवस्थामा भारत र अमेरिका निकट मानिएको बर्तमान सरकारका परराष्ट्रमन्त्रिको चीन भ्रमण केवल सदभावना भ्रमणमात्र हुने निश्चित छ । संसदमा रहेका प्रतिपक्षी दलहरूसँग छलफल नगरी र संसदको अधिवेशन चालु रहेको हालको अवस्थामा सांसदहरूको सुझावसमेत नलिइ गरिएको मन्त्रि खनालको चीन भ्रमणको खासै अर्थ र महत्व देखिएको छैन । मुलुकमा वैदेशिक लगानी भित्र्याउने उद्देश्यले बेइजिङस्थित नेपाली दुतावासद्वारा आयोजना भएको लगानी सम्मेलनमा मन्त्री खनाल जसरी सहभागी हुनुभयो त्यसले बर्तमान सरकारको चीनसँगको चाहना स्पष्ट गरेको छ । तर नेपालको हालको अवस्थामा विदेशी लगानी आउने कुनै संभावना छैन । नेपालजस्तो दुई ढुंगाको तरूलकारूपमा रहेको मुलुकले भारतलाई ठूल्दाई र चीनलाई पराईको ब्यवहार गरेसम्म नेपालको कदापि उन्नति र प्रगति हुने देखिएको छैन । नेपालको हितलाई मुख्य धुरी बनाएर चीन र भारतसँग अशल सम्बन्ध कायमगर्न सक्नुपर्ने अवस्था छ । तर त्यसमा पश्चिमा शक्तिहरू बाधक रहेका छन् । त्यसैगरी कागजी र मुखले असंलग्न परराष्ट्र नीति अवलम्बन गरेको भनेपनि ब्यवहारमा अमेरिकापरस्त विदेश नीति रहेसम्म नेपालका दुर्दशा सधै कायम रहने अवस्था छ । पराष्ट्रमन्त्रि खनालको हालको चीन भ्रमणलाई पनि उपरोक्त घटनाक्रमसँग दाँजेर संश्लेषण गरिनु बढी उपयुक्त हुन्छ ।

# कमला प्रसाईका तीन कृति

२०८३ जेठ २८, काठमाडौं । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ( अनेसास) न्युयोर्क च्याप्टरले साहित्यकार कमला प्रसाईका कृतिहरू ‘चितामाथिको लास’ (नाटकसङ्ग्रह), ‘सिमाना’ (कवितासङ्ग्रह) र ‘हृदयभित्र’ (गीतिसङ्ग्रह)को लोकार्पण भएको छ ।



न्युयोर्कमा आयोजित कार्यक्रममा प्रमुख अतिथि न्युयोर्कका वाणिज्यदूत श्री प्रेमबहादुर बुढा थापा, विशेष अतिथिहरू अनेसासका पूर्व केन्द्रीय अध्यक्ष तथा साहित्य पत्रकार सङ्घका अध्यक्ष राधेश्याम लेकाली, अनेसास केन्द्रका निवर्तमान अध्यक्ष साहित्यकार गोवर्धन पूजा, गोरखापत्रका पूर्व प्रधान सम्पादक तथा नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ ‘रोदन’, चर्चित कलाकार वीरेन्द्र हमाल, अनेसास पुरस्कार समिति सदस्य सन्ध्या पहाडीले सो कृतिहरूको लोकार्पण गरेका थिए । कार्यक्रम अनेसास न्युयोर्क च्याप्टरका अध्यक्ष जानुका ओस्ती ढकालको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रेमबहादुर बुढा थापा, विशेष अतिथिहरू राधेश्याम लेकाली, गोवर्धन पूजा, श्रीओम श्रेष्ठ ‘रोदन’, जिपी के फाउन्डेसनका अध्यक्ष सोमनाथ घिमिरे, वीरेन्द्र हमाल, सन्ध्या पहाडी लगायतले विशेष मन्तव्य राख्दै कृतिकार प्रसाईंको योगदानको चर्चा गर्दै बधाई दिए । कार्यक्रममा संस्थाका सचिव विष्णुहरि भण्डारीले कृतिकार प्रसाईको प्रशंसा गरेका थिए ।

यसैगरी मुक्तक प्रतिष्ठान अमेरिकाका अध्यक्ष आनन्द श्रेष्ठ, साहित्यकारहरू किशनसिंह धामी, प्रा.डा. गोविन्द कोइराला र निर्देशक किशोर सुब्बाले समीक्षात्मक मन्तव्य प्रस्तुत गर्दै साहित्यकार प्रसाईको सिर्जनात्मक क्षमता र साहित्यिक योगदानको उच्च प्रशंसा गरेका थिए । न्युयोर्क, अमेरिकामा स्थापित तारा-किशन फाउण्डेसनले प्रसाईंको साहित्य सिर्जनाको कदर गर्दै दीर्घ लेखन सम्मान गरेको थियो । सो सम्मान फाउण्डेसनका संस्थापक संरक्षक तारा धामी र किशन धामीले प्रसाईलाई अर्पण गरेका थिए ।

यसैगरी प्रसाईंलाई अनेसास न्युयोर्क च्याप्टरले पनि सम्मानपत्रसहित सम्मान गरेको सो कार्यक्रममा कृतिकार कमला प्रसाईले आफ्ना कृतिहरूमा जीवनका भोगाइ, अनुभूति, संघर्ष र संवेदनालाई कविता, गीत तथा नाटकमार्फत अभिव्यक्त गर्ने प्रयास गरेको बताइन् ।

संस्थाका उपाध्यक्ष नदिया लिबाङ्गले स्वागत मन्तव्य राखेको सो कार्यक्रमको सहजीकरण महासचिव निरू नेउपानेले गरेका थिए ।

कार्यक्रममा अनेसास पूर्व उपाध्यक्षहरू राम खत्री, राजेन्द्र श्रेष्ठ, अनेसास केन्द्रीय सदस्य शकुन ज्ञवाली, साहित्यकारहरू रश्मि भट्ट, पासाङ शेर्पा, अनेसास न्युयोर्क च्याप्टरका पूर्व अध्यक्षहरू पूनम काफ्ले, लक्ष्मी श्रेष्ठ, शारदा क्षेत्री आदिको उपस्थिति रहेको थियो ।



***मिथिला कला प्रदर्शनीमा युरोपियनहरूले मिथिला कला प्रति विशेष चासो देखाएका छन् । नेपालका कला, संस्कृति, सम्पदाको प्रदर्शनले नेपालको गौरव अभिबृद्धि गर्नेछ ।***








## *युरोपमा नेपालको सम्पदाको प्रचार : ब्रसेल्समा मिथिला कला विशेष प्रदर्शन*

*ब्रसेल्सस्थित European External Action Service (EEAS) मुख्यालयमा नेपाली राजदूतावासद्वारा आयोजित Art for SDGs: The Mithila Heritage Heritage विशेष कला प्रदर्शनी भव्यताका साथ सम्पन्न भएको छ । नेपाली राजदूत सेवा लम्सालको विशेष पहलमा यो कार्यक्रम सम्पन्न भएको हो । यस्ता कार्यक्रमले नेपालप्रति युरोपियनहरूको विशेष चासो बढ्ने र पर्यटनमा विशेष सहयोग पुग्ने विश्वास गरिएको छ ।*


# सुरेश यक्सोको पेनिबा



*अरूणबहादुर खत्री*

कथाकार सुरेश यक्सोको पेनिबा नामक कथासङ्ग्रह २०८२ सालमा प्रकाशित भएको छ । यो कथासङ्ग्रहमा बैङ्किङ कसुर, नयाँ जुत्ता, पेनिबा, मुड, कन्ये कान्छा लगायत विभिन्न शीर्षकका १५ वटा कथाहरू सङ्गृहीत छन् । यस कथा सङ्ग्रहभित्रको बैङ्किङ कसुर शीर्षकको पहिलो कथामा व्यवस्थापन विषय लिएर स्नातक पढ्न थालेदेखि नै बैङ्कमा जागिर खाने रहर उधुन लाग्न थालेको थियो । आकर्षक तलब पाइने । स्मार्ट भएर बस्नुपर्ने । बैङ्कमा जागिर पाए त बैङ्कमा जागिर खाने एक सूत्रीय रहर वैशाखे चिउला पातलिएझैं पातलिन थालेको थियो भनेर कथाकारले लेखेका छन् ।

नयाँ जुत्ता शीर्षकको कथामा छोरो छोरो मात्र होइन ऊ मेरो साथी पनि हो । बाहिर जाँदा होस् या घरमा प्राय: ऊ मसँगै हुन्छ । म कामबाट डेरा आएपछि हामी पार्क जान्छौं । पार्कमा केहीबेर खेलेपछि घर फर्कन्छौं । यो सिलसिला हाम्रो नित्यकर्म जस्तो बनेको छ भनेर लेखिएको छ । पेनिबा शीर्षकको कथामा पाहुना आएका केटीहरू पनि स्थानीय ठिटाहरूसँग अर्को हारमा धाननाच नाच्दै थिए । सुत्ने सुतिरहेका, मात्ने भुनभुनाउँदै गरेका र सोल्टा-सोल्टिनी नहुनेहरू विरक्तिएर घुँडा खुम्च्याएर बसेका थिएँ । त्यसरी जोगिने अलि उमेर नपुगेका भाराभुरी हुन्थे ।




मुड शीर्षकको कथामा मोहन र शीलाका दुई सन्तान छन् । दश वर्षीया छोरी र छ वर्षको छोरो । मोहन नजिकैको बोर्डिङ स्कुलमा पढाउने गर्छ । शीला छोराछोरीको स्याहारसुसार लगायत घरको सम्पूर्ण काम गर्छिन् । दुबैलाई आफूले गर्दै आएको काम गर्न गाह्रो लाग्दथ्यो ।

उनका अधिकांश कथाहरूमा चरित्र चित्रणलाई विशेष जोड दिइएको छ । उनको कथा लेख्ने शैली सरल र बोधगम्य छ । उनले कथामा कौतुहलताको प्रयोग निकै सचेततापूर्वक गरेका छन् । समाजका विभिन्न वर्ग, क्षेत्र, घटना, चरित्र आदिलाई पात्रहरूको उपयुक्त संयोजनबाट राम्रा कथाहरू सिर्जना गर्न उनी सफल छन् ।

छोरा मार्ने आमाको वयान शीर्षकको कथामा बुढाले त्यो केटी भगाएपछि मेरा दु:खका दिन सुरू भए लक्ष्मीले भन्दछिन् । घर, आफन्त र गाउँलेहरूले पनि हेला गर्न थाले । मबाट सबै टाढा हुन थाले । माइतीमा माइतीहरूको आफ्नै बिजोग थियो । पीडामाथि पीडा के दिनु भन्ने लक्ष्मीलाई लाग्यो ।

डान्सबारमा छापा शीर्षकको अन्तिम कथामा काठमाडौंमा नयाँ एसपी आएपछि गेस्ट हाउस, मसाज सेन्टर अनि डान्सबारहरूमा छापा मार्ने काम पुरानै हो । सरर पढेँ । तल कमेन्ट पनि पढ्न थालेँ । खालखालका प्रतिक्रिया थिए । कतिको सुझाव राम्रो थियो । कसैले देशमा बेरोजगारी भएपछि यस्तै हो भनेका थिए भनेर कथाकारले लेखेका छन् ।

अन्त्यमा कथाकार सुरेश यक्सोको लेखनयात्रा अविराम चलिरहोस् आगामी दिन नयाँ नयाँ कथासङ्ग्रह निस्कन सकोस् भन्न चाहान्छु ।

कृति: पेनिबा विधा: कथा लेखक: सुरेश यक्सो
प्रकाशक: रत्न पुस्तक भण्डार संस्करण: प्रथम, वि.सं.२०८२ मूल्य: रू.३९९।-

# कोलकताबाट प्रकाशित सम्झना पत्रिका



कोलकाताबाट प्रकाशित ‘सम्झना’ पत्रिका केही समयअघि काठमाडौंमा श्री श्री जानकी माता, नेपाली धार्मिक संघ, कोलकाताद्वारा प्रकाशित ‘च्याङ्बाको चेतना विशेषाङ्क-सम्झना’को साहित्यिक पत्रकार संघ तथा जरा फाउन्डेसन, नेपालको संयुक्त आयोजनामा लोकार्पण गरिएको थियो । साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्व कार्यक्रमका प्रमुख आमन्त्रित व्यक्तित्व प्रा.डा. सुरेन्द्र केसी रहेका थिए ।

अन्य आमन्त्रित व्यक्तित्वहरू कलकत्ताका पूर्व महावाणिज्यदूत सुनीलकुमार पौड्याल, सामाजिक तथा धार्मिक अभियन्ता धर्मराज बराल, संघका व्यवस्थापक तथा समाजसेवी भीमबहादुर श्रेष्ठ, सम्झनाका प्रधान सम्पादक गणेशकुमार प्रधान, परराष्टविद् नारायण मैनाली, व्यवस्थापक गुञ्जदास श्रेष्ठ तथा गायक आनन्द कार्कीको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख आमन्त्रित व्यक्तित्व प्रा. डा. सुरेन्द्र केसीले हामी नेपालीहरू जहाँ पुगे पनि आफ्नो परम्परा र धर्ममा कायम रहेको बताए । उनले कलकत्ता, दार्जिलिङका नेपालीहरूमा भाषिक र धार्मिक एकता रहेको बताए ।

अध्यक्ष राधेश्याम लेकालीले सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै कलकत्तामा बसेर सामाजिक र धार्मिक कार्यमा समर्पित श्री श्री जानकी माता नेपाली धार्मिक संघ र संघको क्रियाकलापको उनले प्रशंसा गरेका थिए । च्याङ्बाको चेतना नाटकका लेखक गणेशकुमार प्रधानले आफ्नो लेखन र निर्देशनका बारेमा प्रकाश पारेका थिजए ।

गुञ्जदास श्रेष्ठले श्री श्री जानकी माता नेपाली धार्मिक संघको परिचयदिएका थिए । धार्मिक अभियन्ता धर्मराज बराल, परराष्टविद् नारायण मैनाली तथा गायक आनन्द कार्कीले शुभकामना मन्तव्य थिएका थिए । कार्यक्रममा कवि सुमन थापा सङ्गमले आफ्नो गीति रचना वाचन गरेर सुनाएकी थिइन् । आनन्द कार्की, धर्मराज बराल, फत्तकुमार श्रेष्ठ, दिर्गकुमार श्रेष्ठ, नारायण श्रेष्ठ, टिकादास श्रेष्ठ, डा. योगेश वैद्य, हिमनाथ पौडेल, शृङ्खलाका सम्पादक प्रवीण जोशी तथा विमल भौकाजीलाई सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रम सञ्चालन कवि दिव्य गिरीले गरेका थिए । *- सुभाषचन्द्र पौडेल 'भीमफेदीया'*

# कहानी ताजै छ, पहाडको छाँगोजस्तो जवानी ताजै छ

हुँदा सारसौंदो तेरोमेरो भन्दै फलाक्दै गयो
धमिला हुँदै गए दृश्य तुवाँलोले ढाक्दै गयो
हुँदै गयो शक्ति क्षीण रित्तिए अभिलाषाहरू
आँगन टाढा भयो जब तन मन थाक्दै गयो ।



**- दुर्गाकिरण तिवारी**

मन पर्ने होइन मन पराउने रून्छन्,
छोड्ने होइन छोड्न डराउने रून्छन्,
नपत्याए एक पटक मसान घाट गएर हेर,
जल्ने होइन जलाउनेहरू रून्छन् ।



**- अर्जुन अधिकारी**

गल्ती नदेखाई आफैं चोखिन खोज्नेलाई
अहँकारले चुलिएर पोखिन खोज्नेलाई,
कुन शब्दले सम्बोधन गर्ने ? खोज्नु छ मैले
तुलोमा आफैं बसी जोखिन खोज्नेलाई ।



**- गीताश्री शर्मा, सिक्किम**

घाँटी भरि माला थियो खै कस्ले उनेको ?
तिमीले लाएको स्वेटर मैले होइन बुनेको
जीवनसाथी रोज्ने रहर मेरो आफ्नै थियो
तिमीलाई मैले हैन हेर मेरो बाउले चुनेको ।



**- पुष्पा केसी भण्डारी**

अहिले पनि ऊ बेलाको कहानी ताजै छ
मायालु सँग गरेका मनोमानी ताजै छ
मलाई उमेर ढल्केछ भनेर नसम्झनु है
पहाडी छाङ्गो जस्तो जवानी ताजै छ ।



**- लक्ष्मी नेपाल**

छैन रोजगार छैन गाँसबास के गर्ने होला ?
त्यसैले कसैको भएन आस् के गर्ने होला ?
युवा विदेशीनु त वाध्यता हो रहर त थिएन,
युवा त फर्किन्छन् भएर लास के गर्ने होला ?



**- विश्वनाथ श्रेष्ठ**




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# हिटलरका जस्ता चर्तिकला

मुसोलिनी माष्टर, हिटलरसँग भेट भयो र दुवैले फासिज्मको जन्म दिए । पहिले दुवैले बिद्रोह गरे, राष्ट्रलाई जगाए । राष्ट्रवाद जगाए । समयक्रममा पछि मुसोलिनी र हिटलर-मानव-अपराधी भए । यिनको इतिहास कलंकित छ ।

प्रचण्ड, केपी ओली नेपाली कम्युनिष्ट हुन् । यिनका अनुयायी थुप्रै छन् र आफूलाई कम्युनिष्ट ठान्छन् । अरूले मानुन् नमानुन् यिनलाई फरक पर्दैन । कम्युनिष्ट भनेको नास्तिक हुन् । सर्वहाराका लागि त्याग गर्न सक्ने बर्ग हुन् । जसले समानताको कुरा गर्छन्, श्रमिक र भुइँमान्छेको लागि काम गर्ने बताउँछन् । तर प्रचण्डले १० वर्षे जनयुद्ध गरेर सत्तामा पुगे । अहिले आएर थाहा भयो- जनयुद्ध त सत्तामा पुग्ने भऱ्याङ रहेछ, सर्वहारा र श्रमिकका कुरा भ्रमजाल रहेछ । सत्र हजार मानिस मारेको माओवाद माटो भयो । कतै बाँकी छैन । माओवादी नेताहरू छन्, पटक पटक सत्तामा पुगे, सत्तालाई स्वार्थ र परिवारवादमा रूपान्तरण गरे । जसको प्रतिफल जनजी बिद्रोह भयो र माओवादी नेताहरू कसरी सजायबाट बच्ने भन्ने अक्किल र जुक्ति निकाल्न थालेका छन् । माओवाद पानीको फोकाजसरी फुट्यो । भन्नलाई भन्छन्- हामी नै असली समाजवादी हौं, कसैले पत्याए पो ?

एमाले । एमाले भनेको केपी ओली, ओली भनेको एमालेको स्थिति छ । एमाले पनि आफूलाई कम्युनिष्ट भन्छ, प्रजातान्त्रिक अभ्यासमा अभ्यस्त छ । यो पार्टीले यतिबिघ्न राष्ट्रदोहन र घात गऱ्यो, जनमतको कदरसमेत गर्न सकेन । जेनजी बिद्रोह हुँदा यही पार्टी सत्तामा थियो, सत्ताबाट यसरी हुत्तियो कि आज एमालेको हैसियत लाज छोप्ने टालोको रूपमा सिमित हुनपुगेको छ ।

नेपाली माओवादी, एमाले कस्ता कम्युनिष्ट हुन् कुन्नी ? केपी ओलीले प्रधानमन्त्री र विद्या भण्डारीले राष्ट्रपति बनेर छठपूजा गरे । माओवादी प्रचण्डले नरनारायण बाबा र महिष पुजन गरेको पनि देखियो । विश्वासी, जैमिसी कृष्णबहादुर महरा समेत बाबाकै चरणमा प्रणाम गर्न पुगे । यस्ता उदाहरण अनेक छन् । यिनीहरू नेपाल धर्मनिरपेक्ष राष्ट्र भनेर थाक्दैनन्, यिनको धार्मिक आस्था देख्नेहरू चकित पर्छन् । यिनले खानेगरेको दिल्ली मेड पाचकले पनि हजम भएको छैन । कम्युनिष्टले धन थुपार्दैनन्, जनताको आधारभूत आवश्यकतामा व्यापार गर्दैनन् भनिन्छ, नेपाली कम्युनिष्ट यस्ता छन्, जो शिक्षा, स्वास्थ्य, रोजगारीमा लगानी गर्छन्, मुनाफा कमाउँछन् । नेपाली कम्युनिष्ट र तिल्के मारवाडीमा भिन्नता देखिदैन ।

कांग्रेस आफूलाई प्रजातन्त्रको बिडा उठाउने पार्टी ठान्छ, भन्छ । हिजो गिरिजा वा सुशील हुँदा होस् अथवा पाँच पटक प्रधानमन्त्री बन्ने शेरबहादुर देउवा हुन् । यिनले कृष्णदासजी महाराजको योग, ध्यान र ज्ञान लिएर प्रधानमन्त्री बने । जेनजी बिद्रोह हुँदा रगताम्मे हुनेगरी पिटाई खाए । ज्यान जोगाउन विदेश भागे, अहिले स्वदेश आउँदा भ्रष्टाचारमा जेल पर्ने खतरा छ, विदेश कतिञ्जेल लुक्ने ?

अर्थात्, कम्युनिष्ट प्रचण्ड र ओली हुन् कि प्रजातान्त्रि देउवा, यिनले ०४६ सालदेखि सत्तालाई उखु बनाएर चुसिरहे । यिनको राष्ट्र चुस्ने अतिवाद २०६३ को परिवर्तनपछि बढेको हो । यिनले पटक पटक सत्ताको बागडोर सम्हाले, गरूँ भन्ने इच्छाशक्ति भएको भए धेरै गर्नसक्थे । जनताले यिनको दैनिक नै आरती उतार्ने थिए । तर जनताको नजरमा यति घृणित हुनपुगे कि ०४६ पछिका अधिकांश नेता जनताका सामु उभिन पनि सक्ने स्थितिमा छैनन् । राजनीतिक अपराधिकरण गरेर स्वार्थ पूरा गर्दा गर्दा पुराना नेताहरूप्रति जनताको विश्वास उठेर गयो ।

कांग्रेस, कम्युनिष्ट र जाति वा क्षेत्रीयतावादी पार्टीहरूबाट वाकविधि भएपछि अब जनताले नयाँ पुस्तालाई चयन गरेको छ । नयाँ पुस्तामा अनुभव छैन, यिनको खुट्टा दह्रो छ, जिब्रो वा शैली लरबराउन सक्छ, त्यस्तो देखिन्छ । अनुभवी सल्लाहकार राखेर यिनले परिपक्वता हासिल गर्नुपर्छ । नयाँ पुस्तालाई असफल हुने छुट छैन । काम गरेर देखाउनैपर्छ, सुशासन दिनैपर्छ, भ्रष्टाचारीमाथि कारवाही गर्नैपर्छ । रोजगारीको सिर्जना र योग्यताको कदर गर्नुपर्छ । जनतासँग गरेका करार र वचनवद्धतालाई भ्रम भन्नसक्ने स्थिति हुनुहुन्न । यसकारण अग्नि परीक्षा सुरू भइसकेको छ, यो परीक्षामा नयाँ पुस्ताले काम गरेर देखाए भने देशको कायापलट हुनेछ ।

# आत्मनिर्भरताको नीतिले सानो देश शक्तिशाली




***डीपीआर कोरिया साथी किम जोङ उनको नेतृत्वमा आत्मनिर्भरताको सिद्धान्तलाई दृढतापूर्वक पालन गर्दै अहिलेसम्म प्रगतिशील र विकसित भएको छ ।***

***त्यसैले, जब विश्व महामारी, युद्ध वा संकटले स्तब्ध भएको थियो, डीपीआर कोरियाले आफ्नो विकास योजनालाई स्थिर रूपमा कार्यान्वियन गर्न सक्यो ।***

***यद्यपि पश्चिमी देशहरूले यी विकासलाई रूस वा चीनको सहयोगको परिणाम भनेर वर्णन गरिरहेका छन्, तर यी उपलब्धिहरू आफ्नैमा विश्वास गर्ने कोरियाली जनताको निरन्तर प्रयासको परिणाम हुन् । ठूला देशहरूबाट सहयोग वा सहायता लिनु सजिलो विकल्प हुनसक्छ र तत्काल, छोटो अवधिको लाभ दिन सक्छ । तर दीर्घकालीन विकासको खातिर डीपीआर कोरियाले आफ्नै कठिन परिश्रममार्फत आफ्नै क्षमताहरूलाई अगाडि बढाउने बाटो रोजेको छ ।***

***यो बाटो निकै चुनौतीपूर्ण थियो र भविष्यमा पनि हुनेछ । तथापि, यो नै कुनै व्यक्ति वा देशको शाश्वत समृद्धिको लागि एक मात्र व्यवहार्य विकल्प हो । रूस, चीन अहिले डीपीआर कोरियाको बिढ्दो क्षमतालाई स्वीकार गरिरहेका छन्, त्यसैले उनीहरू डीपीआर कोरियासँगको सम्बन्धलाई विकसित गर्न प्रयास गरिरहेका छन् ।***

उत्तर कोरिया (डीपीआरके-प्रजातान्त्रिक जनगणतन्त्र कोरिया) का सुप्रिम लिडर किम जोङ-उनले भनेका छन्- "हामी चमत्कारिक रूपान्तरण" को बाटोमा छौं । कोभिड १९ को महामारीले गाले पनि सुप्रिम लिडरले कोभिडबाट बचाउन कडा नीति अपनाए, रूस र चीनसँग उत्तिकै रणनीतिक सम्बन्ध विकास गरेर आत्मनिर्भर हुने अनेक उपायहरू अवलम्बन गरेका थिए, जसको गजबको परिणाम यतिबेला देखिन थालेको छ । रूस र चीनलाई सैनिक र अन्य भाइचारा सहयोगका साथ सम्बन्ध विकास गरेपछि किम जोङ उनको देश यतिबेला धेरै माथि उठेको छ ।

गतहप्तामात्र चीनका राष्ट्रपति सी चिनफिङले २०१९ पछि प्योङयाङ भ्रमण गरेका छन् । खुशी नागरिक, साना नानीहरू भिडियो गेम खेलिरहेका छन्, एपमार्फत पिज्जा अर्डर गर्न सकिन्छ, राष्ट्रपतिले मुख्य सम्पर्क विन्दु र अधिकांश व्यापारिक साझेदार रहेको चीन राष्ट्रपति सी चिनफिङको प्योङयाङ भ्रमणले जटिल र व्यापार आधारित सम्बन्ध सहज र मजबुत बन्नपुगेको छ । डीपीआरके चीनसँग रक्षा सन्धि कायम राख्ने एकमात्र देश पनि हो । बेइजिङमा अमेरिकी, बेलायत, रूसका राष्ट्रपतिलाई भेट गरेपछिको सीको प्योङयाङ भ्रमणको अनेक अर्थ र औचित्य देखिन्छ । कृषि, व्यापार, निर्माण, प्रविधिका क्षेत्रमा सहयोग बिस्तारको बचनवद्धता र दुबै देशवीचको सम्बन्ध नयाँ उचाइमा पुगेको सार्वजनिक भयो । सी र किम जोङ उनको मैत्रीभाव निकै लोमहर्षक देखिन्थ्यो । दुबै देशले घोषणा गरेका छन्- अन्तर्राष्ट्रिय परिस्थिति जस्तोसुकै परिवर्तन भए पनि प्योङयाङ र बेइजिङबीचको मित्रता परिवर्तन हुने छैन । यसै भ्रमणका साथै रोकिएका हवाई, रेल सेवा पुनः सुरू





सडकमा इभी सवारी साधन चलेका छन् । त्यहाँ भएको परिवर्तनका साथै अर्थतन्त्र चलायमान र बेतोडले दौडिरहेको देखेर चीनका राष्ट्रपतिले समेत प्रशंसा गरेको सुनियो । तथापि पश्चिमाहरू डीपीआरकेलाई गरीव र मानवाधिकारको हनन हुने देश भनेर आरोपित गरिरहेका छन् । डीपीआरकेको प्रगति देखेर पश्चिमाले भन्नै परेको सत्य के हो भने- सम्भवतः किम जोङ उनको शासनकालको राम्रो अवस्थामा देखिन्छ, सायद उनका पिता भन्दा पनि ।

३० वर्षअघि राष्ट्रबाद दह्रो भए पनि अर्थतन्त्र भाँचिएको थियो, लाखौं मानिसले ज्यान गुमाएका थिए, तर आज डीपीआरकेको अर्थतन्त्र बलियो, राष्ट्रवाद इस्पाते बनेको छ । डीपीआरकेमा जेजस्तो परिवर्तन भएका छन्, यसका लागि किम जोङ उनको बुद्धिमत्तापूर्ण र साहसी नीतिको परिणाम हो । किमले महामारीलाई आफ्नो शक्ति अझ मजबुत बनाउन प्रयोग गरे–विदेशी सञ्चारमाध्यममाथि नियन्त्रण कडा गरे, घरेलु उत्पादनलाई प्रोत्साहन दिए र आणविक महत्वाकांक्षालाई अझ अघि बढाए । यसको प्रमाण डीपीआरकेमा देखिने विकासको उज्यालो हो । अष्ट्रेलियास्थित इन्टरनेशनल कलेज अफ म्यानेजमेन्टका डीन तथा उत्तर कोरिया विशेषज्ञ लियोनिड पेत्रोभ भन्छन्- कम्तिमा नेतृत्व यति सक्षम हुनैपर्छ । किमले रूससँगको सम्बन्ध मजबुत बनाए, चीनसँगको सम्बन्ध ऐतिहासिक रूपमा दह्रिलो बनाए । जुन २०२४ मा भ्लादिमिर पुटिनले प्योङयाङ भ्रमण र रूससँग भएको सन्धिले डीपीआरकेको कूटनीति धेरै उँचो देखिन्छ । रूस र चीनमा व्यापार बढेका छन्, विश्वासको आधारमा सहयोग बृद्धि भएको छ । विश्वबाट अलग्गिएको रूस र नाकाबन्दीको मारमा परेको डीपीआरके वीचको सैनिक र हतियार आपूर्ति दुबै देशको सुरक्षामा भरपर्दो साझेदारी हुनपुगेको छ ।

डीपीआरके-रूसवीच सामरिक सम्बन्धको मजबुती बढ्दै जाँदा प्राय विदेश भ्रमणमा नजाने चीनका भएका छन् । स्मरणीय छ, डीपीआरकेमा अपार दुर्लभ खनिज भण्डार छ । यी खनिजहरू सवारी साधन, मिसाइल निर्माण प्रविधि, सवारी साधन, कम्प्युटर, माइक्रोचिप उत्पादनका लागि कच्चा पदार्थ हुन् । जसको उपयोग डीपीआरके, चीन र रूसका लागि आर्थिक विकास बढाउने आधार पनि हो ।

कोभिड १९ पछि जो डीपीआरके भ्रमणमा पुगेका छन्, तिनले भनेका छन्- डीपीआरकेमा जुन प्रकारको प्रविधिको विकास भएको छ, जनजीवनमा देखिन्छ, त्यो अचम्म पार्ने खालको छ । वीच्याट, ह्वाट्सएप, आधुनिक मेसेज एपहरू, मोवाइल गेमहरू, डेलिभरि एपहरू, बैंकिङ एपहरू जीवनका अङ्ग हुन थालिसकेका छन् । डीपीआरके आधुनिकीकरण हुँदै गएको छ । जुन देशमा बालबालिकालाई राजा र रानीको रूपमा हुर्काइन्छ, त्यो देश भनेको डीपीआरके हो । स्कूलहरू, खेल्ने, बजाउने, टीभी, कम्प्युटर नेटवर्किङ, प्रोगामिङ सीम व्यापक बन्दै गएका छन् । स्कूलहरूमा नैतिक र राष्ट्रियताप्रति जागरूक बनाउने शिक्षा दिइन्छ, विद्यार्थीहरू ब्यालिस्टिक मिसाइल, युद्धका भिडियोमा नाच गान समेत गर्ने गर्छन् ।

समष्टिमा भन्नुपर्दा डीपीआरके समयक्रममा धेरै अगाडि बढिसकेको छ । विश्वको खुला समाजजस्तै नभएकाले डीपीआरकेमाथि मानवाधिकार नभएको मुलुक भनेर आक्षेप लगाउने गर्छन् । डीपीआरके पुगेर फर्केका एक व्यक्तिको प्रतिकृया छ- देशभक्ति र स्वाभिमानका लागि डीपीआरके उदाहरणीय देश हो । अधिनायकत्व भन्नेहरूले भन्छन्, तर डीपीआरकेमा नागरिक सम्मान छ । देश छ र पहिचान छ । पहिचान बचाउन नागरिकहरू कटिवद्ध छन् । रूसका र चिनियाँ राष्ट्रपतिको भ्रमणपछि डीपीआरकेले आफ्नो भूराजनीतिक महत्व, रणनीतिक शक्ति प्रदर्शन गर्न सफल भएको छ । रूस, चीन र डीपीआरकेवीचको कम्युनिष्ट मोर्चा जसको प्रभाव ३ पल्ट वार्ता गरिसकेका राष्ट्रपति डोनाल्ड ट्रम्पमा समेत पर्ने पक्का छ ।

केही समयअघि पुटिन प्योङयाङ पुग्दा उत्सवको माहोल थियो, त्यो माहोल किम रूप पुग्दा पनि देखिएको थियो । अहिले चीनका राष्ट्रपति प्योङयाङ पुग्दा सात दशकको सम्बन्धको साझा ठूलो उत्सवको नै माहोलजस्तो देखियो । डीपीआरकेमाथि नाकाबन्दी, प्रतिवन्ध लाग्दासमेत चीनले जुन साथ दिएको थियो, त्यो अपूर्व थियो । डीपीआरकेले युक्रेनसँगको युद्धमा सैनिक र अन्य सामग्री पठाएर विश्वमै सबैभन्दा मजबुत सैन्य सम्बन्ध विकसित भएको स्थितिमा चीनका राष्ट्रपतिको भ्रमणले डीपीआरके र चीनवीचको सम्बन्ध पनि अटल हुनपुगेको छ । जुन डीपीआरकेका लागि ठूलो सफलता हो । अमेरिकाले लगाएको प्रतिवन्धका कारण डीपीआरके आर्थिक र अन्य बाधासँग जुधिरेको छ । डीपीआरकेका लागि जापानको सैन्यीकरण, अमेरिकाको इन्डो प्यासिफिक र दक्षिण कोरियासँगको सैन्य साझेदारी हरेक दिन घोचिरहने विषय हुन् । चीनका राष्ट्रपतिको भ्रमण र डीपीआरकेसँगको अटल सम्बन्ध अर्थपूर्ण देखिन्छ ।

स्मरणीय छ, चीन र डीपीआरकेको सम्बन्ध १९५०-५३ मा भएको कोरियाली युद्ध र त्यो युद्धमा चीनले पठाएको सैन्य सहयोगसँग जोडिएकाले रगतले गाँसिएको सम्बन्धका रूपमा हेरिने गरिएको छ । यही युद्धमा माओत्सेतुङका छोरा समेत मारिएका थिए । डीपीआरके पश्चिमा शक्ति चीन छिर्न नसक्ने अभेद्य सुरक्षा पर्खाल पनि हो । यद्यपि राष्ट्रसंघले डीपीआरकेको आणविक बम निर्माण गर्दा प्रतिवन्ध लगाएको थियो र चीन राष्ट्रसंघतिर ढल्किदा डीपीआरके चीनसँग झस्किएको थियो । तर भित्री सम्बन्धमा चिसोपन नआएकाले रगतको सम्बन्धमा कुनै आँच आएन ।

अमेरिका, चीन, रूस, जापान, दक्षिण कोरियावीच दिनदिनै प्रतिस्पर्धा बढेको छ । तर डीपीआरकेले आत्मनिर्भरता, आत्मसुरक्षाका लागि चाहिने जोहो गरिरहेकै छ । डीपीआरके कुनै साम्राज्य वा बिस्तारवादको मुकाविल गर्न सक्षम भइसकेको छ । रूस र डीपीआरकेवीचको सैनिक सवलीकरणपछि चीनका राष्ट्रपतिले सहकार्य गर्न बढाएको हात थामेपछि डीपीआरके शान्ति, स्थिरता, विकास तथा समृद्धिमा अघि बढ्न झन बढी सक्षम भएको अर्थमा हेरिएको छ । सीले जस्तोसुकै परिवर्तन आए पनि चीन-उत्तर कोरियाबीचको मित्रतालाई महत्त्व दिने, अडान नबदल्ने, किमको नेतृत्वको डीपीआरकेको समाजवादी अभियानलाई साथ, समर्थन र सहयोग गरिरहने प्रतिबद्धता जनाउनु डीपीआरकेको ऐतिहासिक सफलता मानिएको छ । आउने दिनमा उच्चस्तरीय भ्रमण आदानप्रदानमार्फत राजनीतिक विश्वास सुदृढ गर्ने, जनहितलाई केन्द्रमा राखेर व्यावहारिक सहकार्य विस्तार गर्ने, परम्परागत मित्रतालाई निरन्तरता दिने र निष्पक्षता र न्यायका आधारमा रणनीतिक समन्वय सुदृढ बनाउने विषयमा दुबै देश सहमत भएका छन् ।

किम जोङ उनले चाहेजस्तो रूस, चीन र डीपीआरके बराबरी हैसियतको सम्बन्धले विश्वशक्ति केन्द्रमा तरङ्ग उत्पन्न भएको छ । यो तरङ्गले डीपीआरकेको हैसियतलाई धेरै माथि उठाएको छ । सीको भ्रमणअघि नेता किम जोङ उनकी बहिनी किम यो-जोङले उत्तर कोरिया परमाणु हतियारबारे कसैको दबाब स्वीकार गर्दैन । यसको अर्थ अमेरिकी राष्ट्रपतिले चीनको भ्रमणपछि चीन र अमेरिका दुवै उत्तर कोरियाका परमाणु हतियारविरूद्ध रहेको भनाई खारेज गरेको छ । यो भ्रमणमा चीनका राष्ट्रपतिले डीपीआरकेको परमाणु हतियारका विषयमा कुनै जानकारी लिए, कुनै टिप्पणी गरेका छैनन् । अमेरिका र राष्ट्रसंघले जस्तोसुकै प्रतिवन्ध लगाए पनि डीपीआरकेका लागि खासै असर गर्ने पनि स्थिति देखिन्न ।

समष्टिमा भन्नुपर्दा रूस र चीनका राष्ट्रपतिको प्योङयाङ भ्रमण, किम जोङ उनको रूस र चीन भ्रमण र हरेक विषयमा गहकिलो समन्धले डीपीआरके चीन र रूसको समान साझेदार हैसियत स्थापित हुनपुगेको छ । डीपीआरकेले विश्व र विश्वशक्तिको ध्यान आफूतिर तान्न सफल भएको छ । डीपीआरकेका मार्शल किम जोड उनको यो सफलता आश्चर्यजनक मान्नुपर्छ ।

# फलफूल र तरकारीमा कीटनाशकको अवशेष र जनस्वास्थ्य






**डा. केदार कार्की,**
**वरिष्ठ पशु चिकित्सक**

मानिसहरूले भोकमरीबाट मुक्ति पाउनुपर्छ र कुनै पनि प्रकारको मिसावट वा विषादी बिना, कुनै पनि कीटनाशक कण बिना र कुनै पनि अशुद्धता बिना शुद्ध खाना पाउनुपर्छ, यो हाम्रो मौलिक अधिकार हो । तैपनि हामीले सास फेर्ने हावा, पिउने पानी र खाने खानामा कीटनाशकका कणहरू अझै पनि पाइन्छन् । बालुवा, माटो, चकको धुलो, फोहोर तेल, कोइला तार, रङ्ग, पारा, सिक्का, कीटनाशक, लार्भा आदि खानामा पाइन्छ । माछामा 'फर्मोलिन' अत्यधिक प्रयोग गरिन्छ । यसबाहेक मुसा आदिले पनि यसमा विष मिसाउँछन् ।

कीटनाशकहरू भनेको खाद्य पदार्थको उत्पादन, भण्डारण, ढुवानी, वितरण वा प्रशोधनको क्रममा वा बाह्य परजीवीहरूलाई नियन्त्रण गर्न पशु आहारमा प्रशासित गर्दा अवांछित प्रजातिका कीराहरू, बोटबिरूवाहरू, जनावरहरू वा खाद्य पदार्थहरू, कृषि उत्पादनहरू वा पशु आहारलाई रोक्न, नष्ट गर्न, आकर्षित गर्न वा भगाउन प्रयोग गरिने पदार्थहरू हुन् । यस परिभाषामा बिरूवाको वृद्धि नियन्त्रण, डिफोलिएन्ट, डेसिकेन्ट, वा फल कुहाउन वा पातलो बनाउन प्रयोग हुने रसायनहरू पनि समावेश छन् । भण्डारण वा ढुवानीको समयमा उत्पादनहरू बिग्रनबाट जोगाउन रसायनहरू कटनी गर्नु अघि वा पछि बालीहरूमा प्रयोग गरिन्छ ।

खाद्य तथा कृषि संगठनको अनुमान छ कि कीराको प्रकोपका कारण प्रत्येक वर्ष विश्वव्यापी बाली उत्पादनको २० देखि ४० प्रतिशत क्षति हुन्छ । वनस्पति रोगहरूले विश्व अर्थतन्त्रलाई प्रत्येक वर्ष लगभग २२० अर्ब अमेरिकी डलरको क्षति पुऱ्याउँछ । जबकि, बालीमा कीराको प्रकोपले लगभग ७० अर्ब अमेरिकी डलर बराबरको क्षति पुऱ्याउँछ । यद्यपि, रासायनिक कीटनाशकहरूको प्रयोगले कृषिमा दिगोपन सुनिश्चित गर्न र खाद्य सुरक्षा प्रदान गर्न मद्दत गरेको तर्क छ । अर्कोतर्फ, बालीनाली, वातावरण र मानव स्वास्थ्यमा कीटनाशक औषधिको हानिकारक प्रभावलाई ध्यानमा राख्दै, खेतीपातीमा कीटनाशक औषधि प्रतिबन्ध लगाउन माग गरिएको छ । कीटनाशकको परिभाषामा रासायनिक पदार्थ, भाइरस वा ब्याक्टेरिया जस्ता जैविक एजेन्ट, एन्टिमाइक्रोबियल, कीटाणुनाशक, वा उपकरण समावेश छ । उपभोक्ताहरू खानामा कीटनाशक अवशेषहरूको बारेमा चिन्तित छन् ।

कीटनाशकहरू फलफूल, तरकारी र अन्य कृषि उत्पादनहरूको उत्पादन बढाउन र झारपात, मुसा, कीरा र सूक्ष्मजीवहरूबाट बालीनालीलाई हुने क्षति रोक्न प्रयोग गरिन्छ ।

कीटनाशकहरू हानिकारक मानिने जीवहरूलाई नियन्त्रण गर्न प्रयोग गरिन्छ । उदाहरणका लागि, लामखुट्टे विरोधी कीटनाशकहरूले वेस्ट नाइल भाइरस, मलेरिया र पहेंलो ज्वरो जस्ता रोगहरूको फैलावटलाई रोक्छन् ।

बढ्दो विश्वव्यापी सम्पर्क सञ्जालसँगै, अन्तर्राष्ट्रिय सीमाना पार गरी नयाँ क्षेत्रहरूमा बिरूवा कीराहरू फैलिने जोखिम बढ्छ । हामी बिरूवा हेरचाहमा नयाँ चुनौतीहरू र निरन्तर विस्तार देखिरहेका छौं । कीराहरूको बढ्दो संख्या, समयसँगै तिनीहरूको परिवर्तन र कीटनाशकहरूको प्रतिरोध क्षमतामा वृद्धिले कीरा नियन्त्रण गर्न नयाँ रसायनहरूको आवश्यकता सिर्जना गरेको छ । यो क्रम निरन्तर चलिरहन्छ ।

पर्यावरणीय रूपमा धेरै हानिकारक हुनुको अलावा, कीटनाशकहरूको अत्यधिक प्रयोगले खाद्य उत्पादनहरूको सामग्री वा बाह्य सतहहरूमा कीटनाशक अवशेषहरू निम्त्याउँछ, र यसले मानव स्वास्थ्यलाई प्रत्यक्ष असर गर्छ ।

खाद्य पदार्थमा कीटनाशक अवशेषको बढ्दो समस्या गम्भीर चिन्ताको विषय हो, जसले मानव स्वास्थ्य र वातावरणमा खतरा निम्त्याउँछ । कीटनाशकको अत्यधिक प्रयोगले खाद्य उत्पादनहरूमा कीटनाशक अवशेषहरू छोड्छ, जसले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्न सक्छ । फलफूल र तरकारीमा रासायनिक कीटनाशकको अवशेष जनस्वास्थ्यको लागि ठूलो चिन्ताको विषय हो । यी अवशेषहरूको सम्पर्कले क्यान्सर, श्वासप्रश्वास रोग र प्रजनन प्रणालीमा प्रभाव सहित धेरै स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । कीटनाशकहरूको व्यापक प्रयोगले वातावरणलाई पनि हानि पुऱ्याउँछ, जसले गर्दा पानी प्रदूषण र पारिस्थितिक प्रणालीमा अवरोध हुन्छ ।

**समस्याका कारणहरू:**

विश्वका सबैभन्दा ठूला कीटनाशक उत्पादकहरूको पहुँच दूरगामी छ । तिनीहरुको प्रभाव दूरगामी छ । तिनीहरूले राजनीतिक कार्यकारी समितिहरू र उद्योग व्यापार समूहहरू मार्फत योगदान सहित विभिन्न तरिकाले ठूलो मात्रामा पैसा खर्च गर्छन् । प्यानका अनुसार, प्रमुख कीटनाशक कम्पनीहरूले क्यान्सरदेखि प्रजनन क्षमतामा कमी, बाल विकासमा ढिलाइ र पानी प्रदूषण जस्ता समस्याहरू निम्त्याउने कीटनाशक उत्पादनहरूको लागि पैरवी गर्छन् ।

**कृषिमा विषादीको अत्यधिक प्रयोग:**

किसानहरूले बालीलाई कीराहरूबाट जोगाउन कीटनाशकहरूको व्यापक र अत्यधिक प्रयोग गर्छन्, जसले गर्दा खाद्य वस्तुहरूमा अवशेषहरू रहन्छन् ।

**खाद्य उत्पादनको आपूर्ति शृङ्खलालाई बेवास्ता गर्नु:**

खाद्य उत्पादन आपूर्ति शृङ्खलाको अनुगमन र नियमन गर्न असफल हुँदा पनि खाद्य मिसावटमा योगदान पुग्छ, जसले गर्दा कीटनाशक अवशेषको समस्या बढ्छ ।

**अशुद्ध कीटनाशकको प्रयोग:**

केही किसानहरूले कमसल र नक्कली कीटनाशक प्रयोग गर्छन्, जसले गर्दा खाद्य पदार्थहरूमा कीटनाशक अवशेषको मात्रा अझ बढ्छ ।

**कीटनाशकको स्वास्थ्य प्रभाव:**

कीटनाशकको प्रयोग क्यान्सरदेखि श्वासप्रश्वाससम्बन्धी रोग, मधुमेह, पार्किन्सन, ल्युकेमिया, मानसिक विकार र स्नायु प्रणालीसम्बन्धी रोगहरू जस्ता धेरै रोगहरूको लागि जिम्मेवार पाइएको छ । वातावरणीय स्वास्थ्य र सार्वजनिक स्वास्थ्य अनुसन्धान जर्नलमा प्रकाशित अध्ययनले रासायनिक कीटनाशकहरूमा निर्भरतालाई विश्वव्यापी वातावरणीय दिगोपन र जनस्वास्थ्यको लागि गम्भीर चुनौतीहरू मध्ये एकको रूपमा वर्णन गर्दछ । यसमा भनिएको छ कि कीटनाशकहरूको ठूलो मात्रामा प्रयोगले कीराहरूमा आनुवंशिक प्रतिरोध बढाएको छ, जसले गर्दा यी औषधिहरू उनीहरूमा प्रभावहीन भएका छन् ।

**मानव स्वास्थ्यमा पर्ने प्रभावहरू:**

कीटनाशक विषाक्तता मानव स्वास्थ्यको लागि हानिकारक छ र यसले क्यान्सर, प्रजनन समस्या र स्नायु प्रणालीमा असर जस्ता रोगहरू निम्त्याउन सक्छ ।

**क्यान्सर:**

केही अध्ययनहरूले कीटनाशकहरूको सम्पर्कलाई स्तन क्यान्सर, ल्युकेमिया र मस्तिष्कको क्यान्सर जस्ता निश्चित प्रकारको क्यान्सरको जोखिमसँग जोडेका छन् ।

**श्वासप्रश्वास रोग:**

कीटनाशकहरूको सम्पर्कले दम, ब्रोन्काइटिस र अन्य श्वासप्रश्वास समस्याहरूको जोखिम बढाउन सक्छ ।

**स्नायु प्रणालीमा प्रभाव:**

कीटनाशकहरूको सम्पर्कले स्नायु प्रणालीमा समस्याहरू निम्त्याउन सक्छ, जस्तै स्मरणशक्तिमा कमी, सिक्ने क्षमतामा कमी, र पार्किन्सन रोगको जोखिम बढ्छ ।

**प्रजनन प्रणालीमा प्रभाव:**

कीटनाशकको सम्पर्कले प्रजनन क्षमतामा कमी, गर्भावस्था र जन्म दोषहरूको जोखिम बढाउन सक्छ ।

**अन्य स्वास्थ्य समस्याहरू:**

कीटनाशकहरूको सम्पर्कले मधुमेह, मोटोपना, मुटु रोग र प्रतिरक्षा प्रणालीमा नकारात्मक असर पार्न सक्छ ।

**वातावरणमा प्रभाव:**

कीटनाशकको अत्यधिक प्रयोगले वातावरणलाई हानि पुऱ्याउँछ, माटो, पानी र हावा प्रदूषित हुन्छ ।

**पानी प्रदूषण:**

कीटनाशक औषधि प्रयोग गरिएको बालीबाट निस्कने पानीले पानीका स्रोतहरूलाई दूषित पार्न सक्छ, जसले गर्दा पिउने पानीको गुणस्तर घट्छ ।

कीटनाशकको प्रयोगले लाभदायक कीरा, परागकणकर्ता र प्राकृतिक शिकारीहरूलाई हानि पुऱ्याउँछ, जसले पारिस्थितिक प्रणालीमा बाधा पुग्छ ।

**कीराहरूमा प्रतिरोधात्मक क्षमता:**

समयसँगै, कीराहरूले केही कीटनाशकहरूको प्रतिरोधात्मक क्षमता विकास गर्न सक्छन्, जसले गर्दा तिनीहरू कम प्रभावकारी हुन्छन्, जसले गर्दा कीटनाशकको प्रयोग बढ्छ ।

**खाद्य सुरक्षा:**

कीटनाशक अवशेषहरूको बढ्दो समस्या खाद्य सुरक्षाको लागि गम्भीर खतरा हो, किनकि तिनीहरू खानामा पाइन्छन् र स्वास्थ्यलाई असर गर्छन् ।

**समाधान:**

कीटनाशकको प्रयोग कम गर्ने:

किसानहरूलाई कीटनाशक औषधिको प्रयोग कम गर्न र जैविक खेती अभ्यास अपनाउन प्रोत्साहित गर्नुपर्छ ।

**कीटनाशकहरूको अनुगमन र नियमन:**

सरकारले खाद्य पदार्थमा कीटनाशक अवशेषहरूको अनुगमन र नियमनलाई बलियो बनाउनु पर्छ र मापदण्डहरू निर्धारण गर्नुपर्छ ।

**जनचेतना:**

सुरक्षित खाद्य पदार्थ उपभोग गर्न सकून् भनेर कीटनाशक अवशेषको खतराको बारेमा सचेत गराउनु पर्छ ।

**परिशुद्धता प्रविधिको प्रयोग:**

किसानहरूलाई कीटनाशक प्रयोग गर्ने सही तरिकाको बारेमा तालिम प्रदान गरिनुपर्छ । पर्याप्त मात्रामा भिजाउने, ब्ल्यान्च गर्ने, बोक्रा ताछ्ने, खाना पकाउने, डिहाइड्रेट गर्ने आदि:

खाद्य पदार्थहरूको सम्पर्कमा आउने धेरैजसो कीटनाशक अवशेषहरूलाई पर्याप्त सुकाउने, ब्ल्यान्च गर्ने, बोक्रा ताछ्ने, खाना पकाउने, निर्जलीकरण गर्ने आदिविधिहरूद्वारा कम गर्न सकिन्छ ।

**सावधानी:**

फलफूल र तरकारी राम्ररी धोएर खानुहोस् । जैविक उत्पादनहरू छनौट गर्नुहोस् किनकि तिनीहरूमा कीटनाशक अवशेषहरू कम हुन्छन् ।

खाना राम्ररी पकाएर खानुहोस् ।

कीटनाशक प्रयोग गर्ने बारे थप जान्नको लागि आफ्नो डाक्टर वा स्वास्थ्य पेशेवरसँग परामर्श गर्नुहोस् ।

**निष्कर्ष:**

१९६० को दशकदेखि वातावरण र मानव स्वास्थ्यमा कीटनाशकहरूको प्रभावको बारेमा अध्ययन बढेको छ । अब यो थाहा भइसकेको छ कि कीटनाशकको प्रयोगले मानव स्वास्थ्य र वातावरणमा असर गर्छ । छोटकरीमा भन्नुपर्दा, आजकल कीटनाशकहरू राम्रो भएका छन्, तर कुनै पनि साइड इफेक्ट बिना कीट नियन्त्रण प्रदान गर्नमा पूर्ण देखिँदैन ।

जैविक खेती गतिविधिहरूमा जैविक कीटनाशकहरू, वा प्राकृतिक रूपमा हुने कीटनाशक रसायनहरू प्रयोग गरिन्छ जुन बिरूवाहरूमा विकसित भएका छन् । कृत्रिम कीटनाशकहरू प्रयोगशालाहरूमा उत्पादन गरिन्छ भने, जैविक वा जैविक कीटनाशकहरू प्रकृतिमा उत्पादन गरिन्छ तर प्रयोगशालाहरूमा पुन: उत्पादन गर्न सकिन्छ । प्राकृतिक भए पनि, तिनीहरू सधैं वातावरणको लागि सुरक्षित हुँदैनन् ।

खाद्य पदार्थमा कीटनाशक अवशेषको समस्या गम्भीर चिन्ताको विषय हो, जसले मानव स्वास्थ्य र वातावरणलाई खतरामा पार्छ । यो समस्या समाधान गर्न, कीटनाशकको प्रयोग घटाउने, अनुगमन र नियमनलाई सुदृढ पार्ने, जनचेतना बढाउने र प्रविधिको प्रयोग आवश्यकता छ । फलफूल र तरकारीमा रासायनिक कीटनाशकको अवशेष जनस्वास्थ्य र वातावरणको लागि चिन्ताको विषय हो । यी अवशेषबाट बच्नको लागि, हामीले स्वस्थ खाना विकल्पहरू छनौट गर्नुपर्छ र कीटनाशकहरूको प्रयोग कम गर्ने प्रयास गर्नुपर्छ ।




## बिगतलाई कठघरमा राखेर आजका प्रश्नहरूबाट उम्कन सकिदैन

**डा. केदार कार्की-**

एक दिन, इतिहासको कुनै शान्त वा अशान्त करिडोरमा अचानक हंगामा मच्चियो । समाचार आयो कि नेपालका प्रथम प्रधानमन्त्री, विश्वेश्वर प्रसाद कोइराला र वर्तमान प्रधानमन्त्री बालेन शाह आमनेसामने भेटघाट गर्ने भएका छन् । त्यो स्थललाई राष्ट्रिय जवाफदेहिता सभागार तोकिएको थियो । कोइराला कुर्सीमा बसेर किताब पढिरहेका थिए । त्यतिकैमा, बालेन शाह भित्र पसे ।

नमस्ते, कोइराला ।

नमस्ते, बालेन शाह । तपाईंलाई भेट्न पाउँदा खुशी लाग्यो । वास्तवमा, तपाईंको फेसबुक पोस्टहरू मार्फत हाम्रो अन्तरक्रिया दुई महिनादेखि यति नियमित भएको छ कि यो औपचारिक परिचय जरूरी छैन । लाग्छ कि मेरो छायाँ सधैं तपाईंसँगै छ । बालेन शाह मुस्कुराए । हेर्नुहोस्, म तपाईंको नाम उल्लेख गर्छु किनभने देशका धेरै समस्याहरूको जरा तपाईंको कार्यकालमा गाडिएको थियो ।

विश्वेश्वर प्रसाद कोइरालाले आफ्नो चश्मा फुकालेर टेबलमा राखे र भने, त्यसो भए, म अझै पनि राष्ट्रिय जीवनमा प्रभावशाली छु ? मलाई लाग्यो कि मेरो कार्यकाल २०१७ मा सकियो । मेरो अझै पनि प्रभाव छ, बालेन शाहले भने, देशले अझै पनि तपाईंको नीतिहरूको मूल्य चुकाइरहेको छ । यो अद्भुत छ, कोइरालाले हाँस्दै भने । मैले कहिल्यै कल्पना गरेको थिइनँ कि मेरो मृत्युको छ दशक पछि पनि म कुनै पनि सरकारको सबैभन्दा सक्रिय प्रशासनिक अधिकारी हुनेछु । बालेन शाहले विषय परिवर्तन गर्दै भने, तपाईं मजाक गर्दै हुनुहुन्छ, तर सत्य यो हो कि धेरै समस्याहरू विरासतका रूपमा आएका छन् ।

हरेक सरकारले यही भन्छ, कोइरालाले भने, जब कुनै युवाले जागिर माग्छ, के उसलाई नियुक्ति पत्र वा मेरो जीवनीको प्रतिलिपि मिल्छ ?

बालेन शाह एक क्षणको लागि चुप लागे । रोजगारीको प्रश्न जटिल छ ।

अवश्य पनि हो, विश्वेश्वर प्रसाद कोइराला ले भने । तर यदि कुनै बिरामी डाक्टरकहाँ जान्छ र डाक्टरले बाह्र वर्षसम्म व्याख्या गर्छ कि उसको रोगको मूल उसको हजुरबुबाको जीवनशैली थियो, तब एक दिन बिरामीले सोध्नेछ, डाक्टर, मेरो हजुरबुबाको इतिहास बिर्सनुहोस् र मलाई भन्नुहोस् मेरो उपचार कहिले सुरू हुन्छ ?

बालेन शाह ले हल्का मुस्कानका साथ भने, यस्तो लाग्छ कि तपाईंसँग हरेक प्रश्नको उत्तर तयार छ ।

विश्वेश्वर प्रसाद कोइरालाले मुस्कुराए । होइन, मसँग हरेक प्रश्नको जवाफ थिएन । मेरो एउटा मात्र फाइदा थियो । मलाई २४ घण्टा, हप्ताको सातै दिन फसबुकाने स्टाटस लेख्नु पर्दैनथ्यो । सरकार चलाउनु र स्टाटस लेख्नु मा थोरै भिन्नता हुन्छ । त्यसैले, कहिलेकाहीँ मसँग देशको बारेमा सोच्ने समय हुन्थ्यो ।

बालेन शाह एक क्षणको लागि चुप लागे । विश्वेश्वर प्रसाद कोइराला ले अगाडि भने, जब अर्को फसबुकाने स्टाटस हरेक बिहान आउँछ, हरेक प्रश्न राजनीतिक देखिन्छ । तर जब फसबूकाने स्टाटस अझै केही टाढा हुन्छ, केही प्रश्नहरू राष्ट्रिय पनि देखिन्छन् ।

दुवै हाँसे । केही समयपछि बालेन शाह ले भने, देशले सामना गरिरहेको आर्थिक चुनौतीहरूको पछाडि विश्वव्यापी परिस्थितिहरू पनि छन् ।

अवश्य, विश्वेश्वर प्रसाद कोइराला ले टाउको हल्लाए । तर जब पेट्रोल, डिजेल र ग्यासको मूल्य बढ्छ, के जनताले विश्वव्यापी परिस्थितिहरूको लागि पैसा तिर्छन् वा पेट्रोल पम्पमा उभिएर मलाई सम्झन्छन् ?

संसार परिवर्तन भएको छ, बालेन शाह ले भने । र जिम्मेवारीहरू पनि छन्, विश्वेश्वर प्रसाद कोइराला ले जवाफ दिए । इतिहासले सन्दर्भ प्रदान गर्न सक्छ, समाधान होइन । केही समय पछि, कोइरालाले सोधे, खैर, मलाई एउटा कुरा भन । आजकल, केही टिभी च्यानलहरू मलाई देख्दा धेरै भावुक हुन्छन् ।

किन ? बालेन शाहले सोधे ।

किनभने म आज मेरो जीवनकालमा भन्दा बढी समाचारमा छु । कहिलेकाहीँ यस्तो लाग्छ कि म इतिहासको पुस्तकको पात्र होइन, बरू स्थायी प्राइम-टाइम विषय वा स्थायी प्यानललिस्ट हुँ ।

बालेन हाँसे । मिडिया स्वतन्त्र छ ।

अवश्य, विश्वेश्वर प्रसाद कोइराला ले भने । फरक यति मात्र हो कि हाम्रो समयमा पत्रकारहरूले सरकारलाई प्रश्न गरेर प्रसिद्धि कमाएका थिए, जबकि आजकल धेरै मानिसहरू सरकारलाई प्रश्न नगरी प्रसिद्ध हुन्छन् ।

बालेन शाहले कुरा मोड्दै भने, विपक्षीहरूले पनि सबै कुराको सरकारलाई दोष दिन्छन् ।

लोकतन्त्रमा यो नै यसको भूमिका हो, कोइरालाले शान्तपूर्वक भने । विपक्षीको काम प्रश्न सोध्नु हो, र सरकारको काम ती प्रश्नहरूको जवाफ दिनु हो । लोकतन्त्र यही संवाद र जवाफदेहितामा फस्टाउँछ । मेरो समयमा, विपक्षीहरू धेरै सानो थिए, तर म उनीहरूको आलोचनालाई गम्भीरतापूर्वक सुन्थें । म प्राय: बैठकहरूमा टिप्पणी गर्थें, किनभने आलोचना केवल विरोध मात्र होइन; यसले शासन सुधार गर्ने अवसर पनि प्रदान गर्दछ । यदि सरकारले हरेक प्रश्नलाई शत्रुताको रूपमा व्यवहार गर्न थाल्छ भने, लोकतन्त्रको आत्मा कमजोर हुन्छ । त्यसपछि संसद छलफलको लागि मञ्च हुन छोड्छ । लोकतन्त्र बहसबाट बलियो हुन्छ, कोलाहलबाट होइन । यदि दुवै पक्षले एकअर्कालाई दोष दिए भने, यो टिभी बहस बन्छ, लोकतन्त्र होइन ।

हेर्नुहोस्, बालेन शाह जी, म भन्दै छैन कि मैले गल्ती गरेको छैन । मैले गर्नुपर्छ । कुनै पनि नेता निर्दोष छैन । इतिहासको आलोचना गर्नुपर्छ । म केवल मेरो क्षमताको सीमा बुझ्न चाहन्छु ।

मतलब के हो ? बालेनले सोधे ।

कोइराला जीले भन्नुभयो, यदि म बेरोजगारी, मुद्रास्फीति, विपक्षीको आक्रामकता, संस्थाहरूको कमजोरी, सामाजिक तनावको कारण हुँ भने मलाई नेपालको पहिलो प्रधानमन्त्री मात्र होइन, तर सबै समयको सुपर प्रधानमन्त्री घोषित गरिनुपर्छ । के तपाईं र हामी सबैले त्यसो गर्नुहुनेछ ?

बालेन शाहजी हाँस्न सक्नुभएन ।

कोइरालाजीले अगाडि भने, मलाई डर लाग्छ कि मौसम विभागले यस वर्ष मनसुन ढिलो भएको घोषणा गर्न सक्छ किनभने कोइरालाले २०१६ मा त्यस सम्बन्धमा भाषण दिएका थिए ।

अब दुवै जना मनमनै हाँसिरहेका थिए । कुराकानी सकिन लाग्दा, बालेन शाहले सोधे, त्यसो भए मलाई तपाईंको अन्तिम सल्लाह के हो ?

विश्वेश्वर प्रसाद कोइरालाजीले शान्तपूर्वक भने, इतिहास पढ्नुहोस्, यसको आलोचना गर्नुहोस्, र यसबाट सिक्नुहोस् । वर्तमान समस्याहरूको समाधान इतिहासको चिहानमा पाइने छैन । बेरोजगार युवाहरूलाई जागिर चाहिन्छ, इतिहासका आरोपकहरूलाई होइन । मुद्रास्फीतिबाट पीडितलाई राहत चाहिन्छ, सत्तरी वर्ष पुरानो बहस होइन ।

बालेन शाह त्यहीं बसेर सोच्दै थिए ।

विश्वेश्वर प्रसाद कोइराला उठे, आफ्नो पुस्तक हातमा लिए, र जाँदै गर्दा मुस्कुराउँदै भने, खैर, एउटा कुराको लागि म तपाईंप्रति आभारी छु । मेरा पूर्व राजनीतिक विपक्षीहरूले न त मेरो आफ्नै पार्टीकाहरूले मलाई तपाईंले जत्तिकै सम्झेका थिए । म बयसट्ठी वर्षदेखि बाहिर छु, तैपनि म हरेक चुनावमा उपस्थित छु, हरेक विधायी बहसमा संलग्न छु, र हरेक समस्यामा शंकास्पद छु । विश्व लोकतन्त्रको इतिहासमा सायदै कुनै पूर्व प्रधानमन्त्रीले यति लामो कार्यकाल बिताएको छ ।

यसो भनिसकेपछि, कोइराला उठे र सभागारको लामो करिडोरबाट तल झर्दै गए । बालेन शाहको नजर बिदाइ गर्ने व्यक्तित्वलाई पछ्याउँदै इतिहासको धमिलो पृष्ठमा हराउँदै गयो । सभागार फेरि मौन भयो । त्यहाँ कुनै नारा थिएन, कुनै भाषण थिएन, कुनै क्यामेरा थिएन । भित्तामा पुरानो घडीको टिक टिक मात्र सुन्न सकिन्थ्यो ।

अनि त्यसपछि घडीले बिस्तारै फुसफुसाउँदै भन्यो, इतिहास महत्त्वपूर्ण छ । हामी यसबाट प्रेरणा लिन सक्छौं, यसमा बहस गर्न सक्छौं, र यससँग असहमत पनि हुन सक्छौं । तर वर्तमानको जिम्मेवारी सधैं वर्तमानमा निहित हुन्छ । हामी विगतको आलोचना गरेर आजका प्रश्नहरूलाई सधैं बचाउन सक्दैनौं । अन्तत:, जनताले इतिहासका पुस्तकहरू पढेर होइन, तर आफ्नै वर्तमानको मूल्याङ्कन गरेर आफ्नो निर्णय लिन्छ । घडीको सुई चलिरह्यो । समय, सधैं जस्तै, कसैको लागि पर्खिएन ।



# The Quiet Crisis Inside Nepal's Bureaucracy

By: Galab Bahadur Dhungana

A competent, politically neutral, and accountable civil service is the backbone of every successful nation. Governments come and go, but the bureaucracy remains the permanent machinery of the state. When that machinery becomes ineffective, corrupt, politicized, and unable to discharge its responsibilities, it ceases to serve the public and instead becomes an obstacle to national development. Administrative decay spreads through every ministry, every public service, and every development project. At that point, governments must have the courage to undertake meaningful institutional reform before administrative dysfunction undermines the effectiveness and legitimacy of the state itself. The 2026 Federal Civil Service Bill is that moment of reckoning for Nepal.

There was a time when joining Nepal's civil service meant something. In 1962, a Section Officer's monthly salary of Rs. 120 could buy 1.26 tolas of gold. Government service carried genuine weight and drew the country's sharpest graduates. Today the same position pays Rs. 53,000 a month while a single tola of gold costs Rs. 250,000, collapsing real purchasing power by 80 percent over six decades. The most capable graduates calculate their options and go elsewhere. What remains is a civil service that has quietly lost the competition for talent and with it the ability to govern effectively.

Into that vacuum came politics. After Nepal's republican transition in 2008, party affiliated unions embedded themselves inside the bureaucracy and hollowed it out from within. Postings, transfers, and promotions became political currency. Institutional loyalty was replaced by factional survival. Since 1990, Nepal has cycled through 32 governments, 14 of them since 2008, averaging one every 15.4 months, and not one has completed a full five year constitutional term. Bureaucrats did not merely adapt to this instability. They were shaped by it, until partisan calculation became reflex, public responsibility became secondary, and serving the state became indistinguishable from serving a political patron. Nepal now scores 34 out of 100 on Transparency International's 2025 Corruption Perceptions Index, ranking 109th among 182 countries. That number has barely moved in twenty years. It is not a measurement of isolated misconduct. It is a portrait of an institution that has forgotten what it was built to do.

This is not a uniquely difficult problem to solve. Every functioning civil service in the world has already solved it. In the United Kingdom, senior civil servants are barred from any partisan political activity as a condition of their appointment. In Singapore, civil servants must resign party membership upon joining the service. In India, the Central Civil Services Conduct Rules explicitly prohibit government employees from participating in political movements or campaigns. These are not authoritarian restrictions. They are the foundation of every administration that actually works. The right to organise along partisan lines ends at the door of the state. Nepal is not being asked to do something radical. It is being asked to do what competent states have done for generations.

The 2026 Federal Civil Service Bill does exactly that. Any form of party membership results in immediate and permanent dismissal. A two year cooling off period closes the revolving door between senior office and political reward. Trade unions are abolished entirely and replaced with a neutral grievance process. An independent Civil Service Board strips ministries of discretionary transfer powers. A proposed amendment goes further, mandating the one time retirement of every civil servant over 55 or with 30 years of service, removing up to 15,000 employees including 52 secretaries and 268 joint secretaries in a single legislative act. Senior officials call this a loss of institutional memory. It is worth asking what that memory consists of. Governments that have asked that question and acted on the answer have never regretted it. Margaret Thatcher cut Britain's civil service by nearly a third and productivity rose. Singapore runs one of the world's most competitive economies on a lean, accountable bureaucracy where every position is a performance contract rather than a lifetime guarantee. Most instructive of all is South Korea. In 1960, its GDP per capita stood at just 1,027 US dollars, placing it among the poorest nations on earth, broadly comparable to Nepal at the time. By enforcing a strictly neutral, merit based civil service and coupling it with relentless institutional accountability, South Korea today records a GDP per capita of over 37,000 US dollars and ranks 14th in the world by the size of its economy. The lesson is not subtle. A civil service where every post is earned outperforms one where every post is protected. Public service is a privilege conferred by the people, not a sinecure beyond accountability. A file that does not move is not evidence of employment. It is evidence of a system that has stopped caring about the people it was built to serve. Cancer does not negotiate and does not respond to half measures. Nepal's civil service has been living with this cancer for three decades, and each successive government found it more convenient to manage the dysfunction than dismantle it. That changes now or it does not change. The current government holds close to a two thirds parliamentary majority, the kind of legislative strength that 32 predecessor administrations never possessed. Every previous government had an excuse. Too weak a majority. Too fragile a coalition. Too short a tenure. This government has none of those. What happens next is a choice, not a circumstance.

# Beyond Keynes and Supply Side: Nepal's Execution Economy¿

## [Part 2: From Wealth-Pump Economy to Execution Economy¿]

Their governments did not simply spend more money or reduce taxes. They actively coordinated development. contd......

The emphasis was on:

• Execution, • Exports, • Infrastructure, • Industrial upgrading

• Bureaucratic discipline

None of these models fully captures what the government appears to be attempting. They simply provide a vocabulary for understanding the ingredients being combined in the current budget.

Nepal's Emerging Hybrid: The Execution Economy¿

What makes the current budget interesting is that it borrows elements from all three traditions.

From Keynes, it borrows demand support through spending and tax relief.

From supply-side economics, it borrows investment incentives, business facilitation, and regulatory reform.

From the developmental-state approach, it borrows the emphasis on implementation, coordination, and state capability.

The distinguishing feature, however, appears to be its emphasis on the idea that Nepal's biggest bottleneck may not be a shortage of money or ideas, but the ability to implement them.

That is why the budget repeatedly returns to digitization, one-stop approvals, project completion, compliance, performance incentives, and administrative reform.

In that sense, the budget can be read as an execution-oriented development strategy—one that assumes better governance, stronger implementation, and improved compliance can unlock growth from resources already present within the system. For convenience, I refer to this perspective as an "Execution Economy."

The Three E's

When Finance Minister Swarnim Wagle defended the budget in his lengthy press conference, he repeatedly returned to a theme: execution. Viewed through that lens, the budget appears to rest on three pillars:

• Enhanced Administrative Efficiency
• Enabling Business Environment
• Effective Enforcement

The budget is therefore not primarily about spending more money.

Rather, it rests on the assumption that better governance, stronger execution, and improved compliance can generate enough growth and revenue to make the numbers work.

Beyond Revenue: The Execution Problem

Wagle repeatedly emphasized a problem that economic models often treat only indirectly: the gap between plans and implementation. Standard economic models often assume that once a policy is enacted or a budget is allocated, the economy will respond automatically. In Nepal, that assumption frequently breaks down. Infrastructure money sits idle in treasury accounts. Procurement disputes drag on for years. Projects remain stalled by land acquisition delays, litigation, contractor failures, bureaucratic risk aversion, and poor coordination among government agencies.

For years, Nepal's biggest economic embarrassment has not simply been inadequate budgets but the inability to spend development budgets effectively. In many years, actual capital expenditure has fallen well below planned allocations, sometimes hovering near or below 50 percent of the approved budget.

In that sense, the budget appears to assume that economic growth can be unlocked not merely by injecting more money into the system or by offering better incentives to investors, but by improving the state's ability to turn policies into results. Digitization, one-stop approvals, performance incentives, streamlined procedures, stronger compliance, restructuring of public entities, and project discipline are all intended to reduce the gap between policy intent and policy outcomes.

This is what I mean by the idea of an Execution Economy.

From Wealth-Pump Economy to Better Execution

This is where the budget becomes particularly interesting.

For decades Nepal's economy has depended heavily on remittances, aid, transfers, and various forms of redistribution, while struggling to expand productive capacity at the same pace. In many ways, the economy became better at moving resources around than creating new productive capacity.

The new budget appears to be attempting something different.

Its underlying premise is that Nepal already possesses considerable resources: remittances, foreign exchange reserves, hydropower potential, entrepreneurial talent, public revenues, and access to capital. The binding constraint is not necessarily the lack of resources. This includes not only administrative and institutional bottlenecks but also the fiscal capacity to finance projects as they move from approval to implementation. The binding constraint is the inability to coordinate, execute, and deliver.

Thus the proposed transition:

Resources ¿ Better Execution ¿ Higher Productivity ¿ Higher Growth

Whether this sequence actually holds is, of course, the central question facing the budget.

Who Pays¿ Who Benefits¿

This transition, however, is not costless.

The budget simultaneously provides:

• Income tax relief to middle-income earners
• Customs reductions on industrial inputs
• Excise removal on 360 categories of goods
• IT-sector tax incentives
• Startup and venture-capital incentives
• Investment facilitation reforms
• Capital-market reforms
• AI and technology investments

At the same time, it relies heavily on:

• VAT and consumption taxes
• Electricity-related charges and fees
• Broader tax compliance measures
• Indirect taxes ultimately borne by consumers

This creates the political economy debate now visible across Nepal.

Critics argue that poorer households are being asked to bear today's burden while investors, businesses, and higher-income groups receive many of the immediate incentives.

Supporters counter that without investment, entrepreneurship, productivity growth, and job creation, there will be little future income to distribute in the first place.

This is the central trade-off embedded in the budget.

The Real Gamble

The budget's success therefore does not depend primarily on whether it is Keynesian or supply-side.

Nor does it depend solely on how much it borrows.

Its success depends on whether Nepal can successfully improve execution and convert resources into productive outcomes.

That transition is not merely administrative. It is a wager that improved execution can transform public spending into productive assets, infrastructure into economic activity, and incentives into investment and employment. Yet execution itself should not be confused with development.

A state can become better at implementing policy, but it must still answer a larger question:

Execution toward what end ¿

Youth retention, entrepreneurship, productive employment, regional integration, export capacity, and long-term economic transformation ultimately remain the true tests of success. The budget therefore represents a double gamble: first, that the state can execute better; and second, that better execution is being directed toward the right developmental destination. In that sense, the most important question raised by this budget may not be whether it is pro-business or pro-poor, donor-driven or market-driven, Keynesian or supply-side.

The deeper question is whether Nepal has finally identified its true bottleneck. If Nepal's main constraint is indeed its ability to implement decisions (state capability), then the Three E's may prove more important than any individual tax measure or spending allocation.

If not, what I have called the Execution Economy may simply become a more technologically sophisticated version of old habits.

The answer, as always, will lie not in the budget speech but in what happens after it. The challenge is no longer writing plans.

The challenge is execution.

Execution, however, must ultimately serve a larger purpose: transforming better governance into productivity, productivity into opportunity, and opportunity into a more prosperous and inclusive Nepal.

If Nepal's Fourth Century vision is to become more than a slogan, execution must evolve into productive capacity, innovation, and regional connectivity. The ultimate test is whether Nepal can move beyond dependence on remittances, transfers, and redistribution and emerge as a capable bridge economy between India and China—creating value not merely through geography, but through coordination, production, and exchange.

Execution is the means. Transformation is their hope.

This is, at least, what the new government is banking on.

But execution does not happen on paper. It must confront the realities of debt, administrative capacity, political incentives, and an economy still searching for stronger engines of productivity and exports. If this Part 2 explored the logic behind the budget, Part 3 will examine the reality: can this execution-oriented model overcome the constraints that have repeatedly limited Nepal's development ambitions¿ As one veteran journalist, while remaining noncommittal, remarked recently: only time will tell.

Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.

# शिक्षा, स्वास्थ्य, यातायात आदि समस्या



शिक्षा :

बाह्र कक्षासम्म वा १८ वर्षको उमेरसम्मको शिक्षा अनिवार्य र नि:शुल्क हुने, स्वरोजगार बढाउने अथवा रोजगार अभिवृद्धि गर्ने, राष्ट्रियता सम्बर्द्धन गर्ने, जनजागरण ल्याउने तथा ज्ञान सीप, क्षमता बढाउने र देशभरका सबै जनताले समान स्तरको शिक्षा पाउने, स्नातक तहमा ऐच्छिक र स्नाकोत्तर तहमा अनिवार्य एक वर्षे राष्ट्रिय विकास सेवा लागू गरिने, विद्यार्थी शिक्षकको २४५ दिन अनिवार्य उपस्थिति हुनु पर्ने र शिक्षा क्षेत्र दलीय राजनीतिबाट मुक्त भएको, प्रत्येक विद्यार्थीले निमावि तह देखि नै एउटा व्यवसायिक विषय अनिवार्य रूपमा पढ्नु पर्ने नीतिको हुनु पर्दछ ।

प्रवेशिकामा ५०% सम्म अंक ल्याएका विद्यार्थीलाई सम्बन्धित व्यावसायिक विषयको सहायक स्तरको प्राविधिक बन्नसक्ने २ वर्षे व्यावसायिक शिक्षा दिइने र आफैं आफ्नो रोजगार चलाई आत्मनिर्भर हुन सक्ने बनाइने तथा प्रवेशिकामा ५०% भन्दाबढी अंक प्राप्त गर्ने तथा सम्बन्धित विषयमा ६०% अंक आर्जन गर्नेलाई मात्र उच्च शिक्षातर्फको शिक्षामा प्रोत्साहन गरिने शिक्षा नीति बन्नु पर्दछ । प्रवेशिकामा दुई पटक असफल हुने सबै बिद्यार्थीलाई सीपयुक्त श्रमी (स्किल लेवर)बन्ने एक वर्षे व्यावसायिक शिक्षा निशुल्क दिइनु पर्दछ । उच्च शिक्षाको शुल्क शिक्षण संस्थाले आफै आत्मनिर्भर हुन पुग्ने गरी निर्धारण गर्न पाउने नीति बन्नु पर्दछ । अतिरिक्त क्रियाकलाप, राष्ट्रिय एक्ता जागरण, चरित्रवान्, नीतिवान्, विद्यार्थी उत्पादन गर्ने पाठ्यक्रम लागु गर्ने नीति पनि चाहिन्छ । नीतिले १५ वर्ष भित्र सबै नागरिकको आर्थिक र प्रतिस्पर्धी क्षमता गुनासोरहित समान स्तरको हुने तथा जनजाति, महिला, दलित दुर्गम क्षत्रका कसैलाई पनि आरक्षण नचाहिने नीति बन्नु पर्दछ । विशेष प्रतिभावान् तर आर्थिकस्तरमा विपन्न विद्यार्थीलाई राज्यले उच्च शिक्षाको अवसर प्रदान गर्नु हुनु पर्दछ ।

स्वास्थ्य :

नि:शुल्क स्वास्थ्य सेवा पाउनु नागरिकको अधिकार हो । प्रत्येक गाविसमा स्वास्थ्य चौकी, प्रत्येक इलाकामा हेल्थपोष्ट, प्रत्येक जिल्ला, अंचल र क्षेत्रमा जिल्ला, अंचल र क्षेत्रीय स्तरको अस्पताल र राष्ट्रमा एउटा सर्व सुविधायुक्त राष्ट्रिय अस्पताल हुने दीगो नीति लिइनु पर्दछ । प्रत्येक परिवारको स्वास्थ्य अभिलेख गाउँ सचिवालयमा रहने तथा संप्रेषण पद्धतिका आधारमा अभिलेख सहित तलबाट क्रमश: केन्द्रीयस्तरको अस्पतालसम्म रोगीलाई पठाउने व्यवस्था गरिनु पर्दछ । जुन तहले जे रोग पनि हेर्ने विद्यमान प्रयत्न र भूल उपचार पद्धतिको अन्त्य गरी संप्रेषण प्रणाली लागु गरी खर्च र भीडको कटौती गरी सबै रोगको औषधी र सबै सेवा निशुल्क पार्ने नीति हुनु पर्दछ । किनकि बाँच्न पाउने जनताको मौलिक तथा मानवीय अधिकार हो । यो प्राकृतिक पद्धतिबाट प्रतिरोधात्मक, आयुर्वेदिकबाट उपचारात्मक र एलोपैथीबाट शल्याकृयात्मक उपचारलाई प्राथमिक्ता, स्वास्थ्य दिगोनीति अबलम्बन गर्नुपर्दछ ।

यातायात:

नेपालको कमजोर भौगोलिक बनावट भएका कारण भूस्खलन रोक्न र वातावरण खलल हुनबाट बचाउन बस्तीलाई व्यवस्थित गरेर सडक यातायातको दूरी एउटा निश्चित लम्बाइबाट नबढ्ने नीति बनाएर देशलाई मरूभूमिकरण हुँदै जाने स्थितिबाट जोगाउने ।

प्रमुख ५ नदी किनारबाट निश्चित विन्दुसम्म तथा पूर्व पश्चिम राजमार्गसँगसँगै विद्युत्बाट संचालन हुने रेल सेवाको प्रारम्भ गर्ने, नेपालका प्रमुख राजमार्गमा ट्रलीबस चलाउने, पेट्रोपिलयम पदार्थ भन्दा बिजुली सस्तो बनाई इन्धनमा लगभग दीगो रूपमा आत्मनिर्भर हुने बनाउने । उच्च गुणस्तरको राज्य परिबहन सेवा संचालन गरी सडक, रेल र ट्रलीबसले नपुगेका ठाउँमा स्तरीय केवल कार र रोपवे सेवा संचालन गर्ने नीति लिने ।

प्रमुख स्थानलाई अन्तर्राष्ट्रिय रेलसँग आवद्ध गर्ने, कलकत्ता हुग्लीसम्म भूपरिवेष्टित देशले पाउने सुविधा अनुसार साना पानी जहाज चलाउने, यातायातले दोहोरो समान ढुवानी गर्न पाउनेगरी ढुवानी लागत आधा घटाउने (स्थानीय वस्तु निर्यातगर्ने) स्पष्ट नीति लिने ।

सडक छेउमा बाक्लो तर उत्पादन दिने दीगो वृक्षारोपण गर्ने, बन्दरगाह सम्म नेपालको आफ्नै पारवहन रेल संचालन गर्ने, नेपालका सामान ढुवानी गर्न नेपाल भित्र र नेपाल बाहिर पनि नेपाली यातायात व्यवसायीले मात्र पाउने नीति लिने । सडकलाई सीमित गरी निर्माण, स्याहारसंभार र भू स्खलनबाट हुने क्षति र खर्च घटाउने तथा हिमालय राष्ट्रिय निकुन्ज बाहिर ३० किमि सम्म कहिल्यै सडक नबनाउने र कन्या प्रकृति ९ख्भचनष्ल ल्वतगचभ ० सजीव राखी हिमाली क्षेत्रलाई जडिबुटी उत्पादन र विश्व पर्यटनको आकर्षक केन्द्र बनाउने नीति लिने ।

संचार

सरकारी संचार माध्यमलाई केवल आर्जनमुखी बन्ने प्रवृत्तिको अन्त्य गरी गुणस्तरयुक्त संचार जनताको आधारभूत आवश्यक्ताको सूचीको विषय बन्ने, संचार दल वा सत्ताको भजन मण्डली हुनबाट रोकिने तथा त्यसमा हुने अस्थायी र राजनीतिक नियुक्त रोकेर व्यवसायमुखी तथा राष्ट्रिय भावना जगाउने नीति अबलंबन गराउनेअठोटकासाथ श्रव्य-दृश्य संचारलाई विकासमुखी प्रविधिमुखी बनाएर नेपालका सबै गाउँ/नगर एकाइहरूमा पुग्ने बनाउने, संचार सेवालाई विकास गतिको माध्यमको रूपमा सवै 'विचार'ले प्राथमिक्ता पाउने, ज्ञान, सीप प्रविधिलाई विस्तार गर्ने खाले पारिनु पर्दछ ।

आदिवासी, जनजाति :

नेपाल बहुजाती, बहुधर्मी, बहुसांस्कृतिक, बहुभाषी र बहु भौगोलिक बनावट भएको देश हो । कानूनको अगाडि सबै समान भए पनि समाजमा विद्यमान स्थिति र परम्पराले जातीय विभेद गरिएको पाइन्छ । समस्त नागरिकलाई एकै कार्यक्रमबाट समान अवसर प्रदान गर्ने व्यवस्थित बस्ती योजनाले ल्याउने शतप्रतिशत समान सुविधा कार्यक्रम द्वारा एक पुस्तामा सो विभेदको अन्त्य हुने मूल नीति हुनु पर्दछ ।

महिला विकास :

राज्यले कानूनत: लैङ्गिक समानताको प्रत्याभूति दिए पनि समाजले महिलाहरूलाई भेदभावपूर्ण व्यवहार गरेको छ । राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा महिलाहरूको समानस्तर कायम गर्न व्यवस्थित पद्धतिको परिवार-स्थितिकार्ड नीतिगत संरचना र योजनावद्ध उपाय द्वारा सम बलयुक्त महिला नीति अवलम्वन गरिनु पर्दछ ।

एक पुस्तामा विभेदको अवधारणाको अन्त्य गराइने लक्ष राखी महिला बेचविखन, बादी संस्कृति, महिलामाथिको हिंसा, दहेज प्रथा, पौरस्त्य आदर्शपद्धतिमाथिको पाश्चात्य प्रहार, वेश्यावृत्ति, बहुविवाह जस्ता कुप्रथालाई नैतिक शिक्षा, सामाजिक जागरण तथा विधानको परिवर्तनको माध्यमहरूबाट अन्त्य गरिने नीति हुनु पर्दछ ।

सामाजिक सुरक्षा :

सासफेर्ने हवा, १८ वर्षको उमेर सम्ममको शिक्षा, सवै स्वास्थ्य सेवाहरू तथा खाने पानीलाई सदा नि:शुल्क र सहज बनाइनु पर्दछ । बिद्युत ऊर्जा संसारमा सबै भन्दा सस्तो पारेर पेट्रोल इन्धन आयातलाई घटाएर औद्योगिक बस्तु निर्यातमा व्यापक बृद्धि गरिनु पर्दछ । बृद्ध, असहाय, अपाङ्ग, अनाथलाई सामाजिक सुरक्षाको ग्यारंन्टी दिइनु पर्दछ ।

गरीबी निवारण, सबैलाई रोजगार, रोजगारलाई चाहिने सीप र उत्पादित वस्तुको बजार व्यवस्थामा राज्यको दात्यित्वबोध हुने नीति अवलम्वन गरिनु पर्दछ ।

बिद्यमान अंश व्यवस्थाले नयाँ पुस्ता जाँगरिलो नहुने भएकोले आफ्नो आर्जन आफू खुशी गर्न पाउने कानूनी व्यवस्था लागु गरेर छोरा र छोरीको अंश विवाद तथा बृद्धाहरूको बिचल्ली भएको अवस्थाको अन्त्य गरिनु पर्दछ । तर १८ बर्ष सम्मका छोराछोरीलाई बाबु-अमाले र ६० बर्ष माथिका बाबु आमालाई छोराछोरीले आआफनो कमाईबाट अनिवार्य रूपमा पालन पोषण गर्नै पर्ने, शिक्षादीक्षा दिनैपर्ने मूल नीति बनाई सामाजिक पद्धतिको विकास गराइनु पर्दछ ।

अनाथ, असहाय तथा सडक बालबालिका एउटा पनि कहीं पनि रहनै नपाउने गरी चौधै अञ्चलमा एकएकवटा ट्रेडस्कूल संचालित हुने तथा तिनलाई आचरण-नीति-शास्त्र र व्यावसायिक शिक्षा मात्र पढाइनु पर्दछ । त्यहाँका-उत्पादन राज्यले पहिलो प्राथमिक्ता दिएर किन्नै पर्ने नीति बनाएर देशबाट मगन्ते, वेवारिसे र सडक बालबालिकाको व्यवस्थापन गर्नुपर्ने अनिवार्य नीति हुनु पर्दछ ।

सुकुम्वासी र पुनर्वास योजना :

नेपालको पुरातन समस्या भनेकै सुकुम्वासी समस्या हो । भूमिहीन र सक्कली सुकुम्वासीको समस्याभन्दा पनि नक्कलीको समस्या बढ्दो छ। यो समस्या समाधानका लागि राजगारीको बृद्धि र व्यवस्थापनको नीति अब्बल हुनैपर्छ ।

अचल सम्पत्तिविहीन, रोजगारविहीन तथा रोजगार गर्ने सीपविहीन व्यक्ति सुकुम्वासी हुन् । जग्गा बाँडेर सुकुम्वासीहरूको समस्या समाधान गर्न गरिएका आयोगहरू र कृषिजन्य पुनर्वास गर्ने गरेका प्रत्यत्नबाट यो समस्या कहिल्यै समाधान गर्न सकिदैन । यो निरर्थक प्रयास हो । यस्ता एकाइलाई खारेज गरी सबै व्यक्तिले पूर्ण रोजगार र आवास पाउने, व्यवस्थित बस्ती, चाउका प्रणाली र पारिवारिक स्थिति कार्ड बमोजिम गैर कृषिजन्य, घरेलुजन्य उद्योगबाट आवास र रोजगार प्रदान गरिने कार्यक्रम बनाइनु पर्दछ । यसले मात्र कसैलाई सकुमबासी हुन दिदैंन ।

# प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनलाई संशोधन गर्न बनेको प्रमाणीकरण विधेयक फेरि पनि उद्देश्य विमुख



**प्रवीण वयक**
**पूर्वाञ्चल विश्वविद्यालय**

गत साताको सोमबार अथवा जेठ १७ गते राष्ट्रिय सभाबाट स्वीकृत भई प्रतिनिधिसभामा आएको प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ लाई संशोधन गर्न बनेको पहिलो संशोधन विधेयक २०८३ राष्ट्रपतिद्वारा प्रमाणीकरण भइसकेको छ । कानुन निर्माण प्रक्रिया को सिद्धान्तले र जनमुखी तथा कल्याणकारी राज्यको अवधारणाले पनि कानुन बन्दै गर्दा उक्त कानुन संविधानको उद्देश्य र मर्म बमोजिम साथै समाजमा रहेका पिछडियत वर्गको सामाजिक उत्थानसँगै जीवनस्तर उकास्नुपर्छ भन्ने मूल मान्यतालाई जोड दिन्छ जसका लागि सम्बन्धित व्यक्तिहरूलाई नीति निर्माणको तहसम्म नपुगेसम्म उक्त उद्देश्य प्राप्ति गर्न सकिँदैन । यही विषयमा आधारित रहेर हेर्दा अपाङ्गता भएका व्यक्तिको हकमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ लाई संशोधन गर्न बनेको पहिलो संशोधन विधेयक नत संविधानको मर्म बमोजिम बनेको छ नत अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गराउने कुरालाई आत्मसाथ गरेको छ । संविधानले परिकल्पना गरेको समा जीवेशिताको सिद्धान्तमा आधारित रहेर जुन समुदाय र वर्गको प्रतिनिधित्व गराउनका लागि बनेको विधेयक छ उक्त विधेयकले त्यस्ता व्यक्तिलाई नीति निर्माणको तहमा समावेश गराउने कुरालाई प्राथमिकता नदेखिएको कारणले विधेयक आफैमा उद्देश्यहीन र आफ्नो उद्देश्यप्रति विमुख देखिन्छ ।

हुन त समावेशिताको सिद्धान्त अनुसार समानुपातिक (बन्दसूची अन्तर्गत) निर्वाचन प्रणाली अन्तर्गत रहेर अपाङ्गता भएका व्यक्तिहरू प्रतिनिधि बन्न सक्ने कुरा यस विधेयकमा मात्र सीमित नभई (प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४) मा नै व्यवस्था गरिएको छ । यस्तै संवैधानिक प्रावधानको सम्बन्धमा नेपालको संविधान २०७२ को धारा (८३) को उपधारा (३) ले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिहरू को समेत प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ ।

"हुन त यो संवैधानिक प्रावधान आफैमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गराउने कुरालाई लिएर कमजोर रहेको जस्तो देखिन्छ किनकि उम्मेदवारी दिँदा राजनीतिक दलले अपाङ्गता भएका व्यक्तिहरूलाई समापनपातिक सूचीबाट प्रतिनिधित्व गराउँदा पनि राजनीतिक दलले गर्नुपर्ने दलमाथिको बाध्यता थुपारेको छ । यदि अहिले प्रतिनिधि सभा सँगै सिंगो संसद लगायत संविधान संशोधन कार्यदलले संविधान संशोधन गर्ने नै हो भने अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व अपवादको रूपमा नभई धारा (८३) को (२) जसरी नै संविधानमा राख्नुपर्ने कुरालाई जोड दिँदै संविधान संशोधन गर्न आवश्यक देखिन्छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनले प्रतिनिधि हुने समूह अन्तर्गत महिला, आदिवासी जनजाति, खस आर्य, थारू, मुस्लिम लगायतका सबै वर्गहरूलाई समेटेको र यसैमा पनि बन्द सूचीका आधारमा प्रतिनिधि हुने समूह अन्तर्गत महिलालाई ५०% छुट्याइएको र अरू वर्ग तथा समुदायलाई कति प्रतिशत समेट्ने भन्ने कुरा स्पष्टरूपमा उल्लेख नगरिएका कारणले गत फागुनमा भएको निर्वाचनमा बन्द सूचीका आधारमा उम्मेदवारी दर्ता गर्ने विषयमा धेरै नै समस्या परेको थियो ।यही कानुनी अस्पष्टता माथिको दुरूपयोग गरी विभिन्न राजनीतिक दलले आफ्नो ढंगले समावेशिता लागू गर्न खोजी उम्मेदवारहरूको सूची तयार गरी निर्वाचन आयोगमा समेत दिने तयारी थियो र केही राजनीतिक दलले दिइसकेका पनि थिए

तर माधव प्रसाद चौलागाई विरूद्ध निर्वाचन आयोगको मुद्दामा जेन्जी आन्दोलन



पश्चात भएको गत निर्वाचन मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत बन्द सूची का आधारमा समानुपातिक उम्मेदवारलाई उम्मेदवारी दर्ता गर्दा अनिवार्य रूपमा गराउनुपर्ने पनि निर्वाचन आयोगलाई आदेश दिएको थियो र सोही आदेशमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समेट्नुपर्ने भनिएकाले अपाङ्गता भएका व्यक्तिहरूलाई अनिवार्य रूपमा समेटिनुपर्ने कुरा यस आदेशको अभिन्न अङ्ग हो ।

उक्त आदेश अनुसार तत्कालीन अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले राष्ट्रपति समक्ष सो विषयमा अध्यादेश जारी गर्न सिफारिस गरी गर्नु भएको थियो । यो अध्यादेश जारी जारी गरे पश्चात् प्रतिनिधि हुने समूह अन्तर्गत दलित १३.४४%, आदिवासी जनजाति २८.७२%, खस आर्य ३०.२८%, मधेसी १६.१५%, थारू ६.५२%, मुस्लिम ४.८९% लगायत सबै वर्ग र समुदाय समेटेर राजनीतिक दलहरू चुनावमा गएका थिए । तर अपाङ्गता भएका व्यक्तिहरूलाई कतै पनि समेटेको थिएन विधेयकको कुरा गर्नुपर्दा अपाङ्गता भएका व्यक्तिको हकमा यो ऐनले दफा (२८) को उपदफा (५) र दफा (६०) को उपदफा (६) बमोजिम समेटिनुपर्ने वर्गलाई कतै पनि समेटिएको छैन तर प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत भनेको नियमावलीले भने पिछडियत वर्ग र अपाङ्गता भएका व्यक्तिलाई समेटेको कारणले नियमावली आफैंमा विवादित छ । तर दु:खको ऐनमा भएको केही व्यवस्थालाई परिवर्तन गरी जारी भएको अध्यादेश अनुसार नै ऐनलाई संशोधन गरी थप गरिएको बन्दसूची आधारित समानुपातिक निर्वाचन प्रणालीले अपाङ्गता भएका व्यक्तिको हकमा कुनै पनि विशेष प्रावधान ल्याएको छैन । यस्तो हुनु संविधान मात्र नभई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि सँगै अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ११ ( राजनीतिक सहभागिताको अधिकार) र दफा १२ नीति निर्माणमा सहभागिताको अधिकार को विपरीत हुनु हो । केही समयका लागि ल्याएको अध्यादेशका आधारमा दफा (२८) को उपदफा (५) र दफा (६०) को उपदफा (६) सँग सम्बन्धित रहेर अनुसूची १ लाई संशोधन गर्दै गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ को दफा (२८) को उपदफा (६) अन्तर्गत समेटिनुपर्ने वर्गलाई बिर्सेको र दफा (६०) को (६) भित्र नै समेटिएको अपाङ्गता र पिछडिय वर्गलाई बिर्सिएको देखिन्छ त्यसैले यो ऐन संशोधन हुनु केवल अपाङ्गता भएका मात्र नभई पिछडियत क्षेत्रको प्रतिनिधित्व गर्ने वर्ग तथा समुदायलाई समेत पाखा लगाउनु हो ।

भोलि यसले फेरि जटिलता निम्त्याउने र फेरि यो विषय २०८२ पुस १८ न्यायालयद्वारा आदेश जारी गरी अपाङ्गता भएका व्यक्तिहरूलाई पनि निर्वाचनमा अनिवार्य रूपमा प्रतिनिधि हुने समूह अन्तर्गत अपाङ्गता भएका अनिवार्य समेट्नु भनेर निर्वाचन आयोगलाई आदेश दिनुपर्ने झन्झटिलो अवस्था नआउन सक्ला भन्न सकिँदैन ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसँग सम्बन्धित रहेर सर्वोच्च अदालतले कल्पना शाक्य विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (निर्णय नम्बर: ८९३९, फैसला:२०७९/१२/२९) मुद्दामा पनि चालक अनुमति प्राप्त गर्दा अनिहरूलाई अपाङ्गता भएकै कारणले अनुमति प्राप्त नदिनु नीतिगत तहबाट गरिने असमानता हो भन्दै व्याख्या गरिएको छ । यसले पनि स्पष्ट रूपमा के देखाउँछ भन्दा कानुन तथा नीति निर्माण बनाउने तहमा सम्बन्धित व्यक्तिहरू नहुनु हो । यस्तै राजेन्द्र दुलाल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (निर्णय नम्बर: ९३२०) भएको मुद्दामा अपाङ्गता भएका व्यक्तिहरूबीच पनि फरक फरक प्रकृतिको क्षमता हुने भएकाले राज्यले आरक्षण तथा तथा विशेष व्यवस्था गर्दा अपाङ्गताको वर्गीकरण आवश्यकताका आधारमा विवेकसम्बत तरिकाले संरक्षण प्रदान गरिनुपर्ने बनेको छ । न्यायालय द्वारा यसरी धेरैजसो विषयहरूमा अनिवार्य रूपमा निरूपण गर्नैपर्ने परिणाम निम्तिनुको कारण पनि अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा बनेका कानुनहरूले अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वलाई सुनिश्चित गर्नका लागि कुनै पनि किसिमको ठोस व्यवस्था नगर्नु हो ।

यस्तो कमी कमजोरीका कारण अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो हक अधिकार स्थापित गराउनका लागि न्यायालयको मुख हेरेर बस्नुपर्ने अवस्था छ । जुन कानुनले न्यायालयको व्याख्या पूर्व नै अथवा यस्ता विषय न्यायालयमा प्रवेश हुनु पूर्व नै उनीहरूको हक अधिकारलाई परिपूर्ति गर्न अग्रसर हुनुपर्थ्यो । तर यस्ता कानुनहरू आफै उद्देश्यहीनताको अवस्थामा स्थापित भएर बन्नु यस्तो वर्गको लागि दु:खको कुरा हो भन्न सकिन्छ । अब यस्ता किसिमका परिणाम तथा झन्झटिला विषय नभोग्नको लागि । न्यायालयको मुख हेर्ने मात्र नभई नीति निर्माण तहमा नै अपाङ्गता भएका व्यक्तिहरूलाई अनिवार्य रूपमा समेट्नु आजको मूल मुद्दा र आवश्यकताको विषय बनेको छ । तर उक्त कुरा अहिलेको नयाँ विधेयकले पनि समेट्न सकेन । त्यही पुरानो ऐनको मान्यता अनुरूप नै स्थापित भएर बनेको यस विधेयकले नीति निर्माणको विषयलाई आधार बनाएर हेर्दा अपाङ्गता भएका व्यक्तिहरूको लागि कुनै पनि नयाँ किसिमको अनुमति दिलाउन सकेको छैन ।

त्यसका लागि अहिले सुशीला कार्की सरकारले अथवा ऐनलाई जस्ताको तस्तै कपी गरेर मात्रै हुँदैन, त्यसका लागि विधेयकबाट ऐनमा रूपान्तरित भइसकेको ऐन (प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४) लाई अपाङ्गता भएका व्यक्तिको सहभागितालाई अनिवार्य गराई विधेयकलाई थप समावेशी र संविधानको उद्देश्य अनुरूप तयार गरी यस विधेयकमाथि थप संशोधन गर्नु पर्छ भन्ने कुरालाई जोड दिनुपर्छ त्यसका लागि ऐनको अनुसूची एक अन्तर्गत को प्रतिनिधि हुने समूह अन्तर्गतको व्यवस्था पुन संशोधन गरी अपाङ्गता भएका व्यक्तिहरूलाई फेरि समेट्नुपर्छ र सोहीअनुसार नियमावलीलाई समेत थप संशोधन गरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व हुने अधिकारलाई मजबुत रूपमा सुनिश्चित गर्न आवश्यक छ ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ असार २, June 16, 2026





अन्तिम पातो - शाश्वत शर्मा

## गोर्खाली राजाले गोर्खाका गुरूङबाट न्याय पाउने भए

सबै कुरा विषयान्तर भए । बीवाईडी गाडी, नेपालले भारतको जमिन मिचेको, अखितयारले छानबिन गर्नु भेर तोकेका व्यक्तिको पुनरागमन आदि । अहिले जल्दोबल्दो विषय भनेको २०५८ जेठ १९ गते भएको दरवार हत्याकाण्ड हो । भनिन्छ, जब जब सत्तासीन नेताहरू प्रतिलक्षित कुनै प्रश्न उठ्न थाल्छ, तब तब प्रश्नको विषयान्तर हुनछ । अझ अमेरिकामा त झन यो प्रचलन बढी छ । एपस्टिन फाइलको कुरा उठेपछि इरान अमेरिका युद्धको थालनी भयो । विश्वभरि यस्तै हुन्छ । मोनिका लेविन्स्की काण्ड बाहिरिएपछि बिल क्लिन्छनले अफगानिस्तानमा आक्रमण गरेका थिए । जेहोस्, नेपालमा पनि फेरि एकपटक त्यस्तो विषयान्तरको विषय भएको छ । खासगरी सुधन गुरूङले गृह मन्त्रालयको पुनः जिम्मेवारी पाएपछि । आफूप्रति चौतर्फी हमला नहोस् भन्नका लागि उनले पहिलो निर्णयहरू मध्ये राजदरवार हत्याकाण्डको पुनः छानबिन गर्ने बताएर वाहवाही लुटेका छन् । उनले अरू फाइलहरू पनि खोल्ने बताए । यसपछि सत्तासीनमाथि उठेको प्रश्नहरू ओझेल परेका छन् ।

दरवार हत्याकाण्ड र सम्पत्ति छानबिन सबैभन्दा बढी चर्चामा छ । गृह मन्त्रीले मात्र होइन, अर्थमन्त्रीले समेत तिमीहरूले के के गऱ्यौ, हामीलाई पनि थाहा छ, सबै फाइल खुल्छ भनेर संसदबाटै भनिदिएपछि संसदको गतिरोध हटेको छ । अन्य फाइलहरू पनि खोर्शिदने सत्तासीनको घोषणापछि संसद गतिरोधमा भूमिका निभाइरहेका कांग्रेस, एमाले, नेकपा र श्रम संस्कृति पार्टीहरूमा सनसनी नै फैलिएको छ । तिनीहरूको सातो गएको छ, तर्सिएर आफ्नो ठाउँमा, औकातमा आउनु स्वभावित नै थियो । गृहमन्त्रीको दरवार हत्याकाण्डको छानबिन र अन्य फाइल पनि खुल्ने तीरले अन्य धेरै ठाउँमा प्रहार गरेको छ । यसलई भन्छन्- सुझबुझपूर्ण राजनीति । अब गृहमन्त्री परिपक्वतातिर लागेको देखिन्छ । भन्नेहरू प्रतिपक्षी दलहरू राजा ज्ञानेन्द्रलाई समेत छानबिनको विषयमा मुछद्दैछन् । अझ एकथरि कांग्रेसीहरू त पुराना पत्रकार किशोर नेपालले यी सुदन गुरूङ निर्मल निवासका खास मान्छे भन्न पनि भ्याएका छन् । भन्नेहरूले जे भने पनि दरवार हत्याकाण्डको छानबिनको सुरूआत तत्कालीन गृहमन्त्री रहेका हालका राष्ट्रपति रामचन्द्र पौडेलको बयानबाट सुरू हुनुपर्छ भन्दैछन् । यो विषयले राष्ट्रपति असिनपसिन भइसकेका छन् ।

दरवार हत्याकाण्डको चिसो सर्बत्र अनुभूत गरिए पनि पूर्वराजा ज्ञानेन्द्रको कुनै भूमिका छैन भन्ने निश्चित मानिएको छ । उनी गलत भइदिएको भए देश छाडेर कहिले भागिसक्थे । देउवा दम्पत्ति भ्रष्टाचारको भूतबाट भागेका छन्, ओली ज्यान जोगाएर सेनाको संरक्षणबाट बाँचे, प्रचण्डको सातो अझै फर्केको छैन । यसकारण पूर्वराजा यो छानबिनबाट खुशी नै हुनुपर्छ । छानबिन गर्छु भनेर पछि हटेका एमालेका (हाल नेकपा) माधवकुमार नेपाल, प्रचण्ड, केही कांग्रेसी समेत दरवार हत्याकाण्डमा राजाका भाइ ज्ञानेन्द्रको हात त भनेर निकै हल्लाखल्ला गर्थे । तत्कालीन प्रधानन्यायाधीशको छानबिनलाई हावादारी भन्नेहरूले अबको छानबिनलाई त्यस्तो नकारात्मक प्रचार गर्न पाउने छैनन् । पत्रकार राजेन्द्र बानियाले पूर्वराजालाई भेट गर्दा आफूलाई नखाएको विषय लागको, यो काण्डको छानबिन नभइ म जाने भएँ भनेर दुखेसो पोखेको पनि मिडियामा आएको देखिएको छ । स्वयम् पूर्वराजा ज्ञानेन्द्रले देशका विभिन्न स्थानमा रिएका नागरिक अभिनन्दनहरूमा आफूलाई आफ्नो परिवारलाई यो हत्याकाण्डसँग जोडेर बदनाम गरिरहेको, आफू यो काण्डको निष्पक्ष छानबिन होस् भन्ने पक्ष्मा रहेको बताइरहनु भएको थियो । अब राजाले यसरी चुनौती दिएको पनि धेरै नै भयो । तर तत्कालीन पुराना दलहरूका सरकारहरूले कसैले पनि छानबिन गर्ने गराउने आँट गरेनन् । राजाको लोकप्रियता बढ्नासाथ यही दरवार हत्याकाण्डको चर्चा बाहिर ल्याएर तर्साउने, अपमानित गर्ने गर्थे । अहिले माहोल फेरियो । समय बदलियो । सत्यतथ्य बाहिर ल्याउँछु भनेर आँटिलो युवा देशको गृहमन्त्री भएका छन्, त्यस्तै प्रधानमन्त्री पनि पायो मुलुकले । अहिलेसम्म आफूमाथि जनताले प्रश्न गरे कि विषयान्तर गर्न र सस्तो लोकप्रियतामात्र हासिल गर्न खोजिने गरिन्थ्यो । अब छानबिन भएपछि त्यस्तो हुनेछैन । गोर्खाली राजालाई गोर्खाकै गुरूङले साँच्चै न्याय दिने जमर्को गरेका छन् । के कसरी छानबिन हुने हो, रिपोर्ट के कस्तो आउने हो ? त्यो त समयले बताउला । यदि निष्पक्ष ढंगले बिना कुनै पूर्वाग्रह छानबिन गर्ने हो भने वास्तावमा गोर्खाली राजाले गोर्खाकै सुदन गुरूङबाट न्याय पाउनेछन् । त्यसै पनि समाजमा लोकोक्ति नै छ, न्याय नपाए गोर्खा जानु । भन्नु यत्ति छ कि छानबिन विषयान्तरमा सिमित नहोस् । बिना पूर्वाग्रह छानबिन होस्, जनताको माग र गृहमन्त्रीको निर्णय स्वागतयोग्य छ ।


## सन्तुलित जनसंख्या : विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धि संचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तिकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं ।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सानोको सार्वभौमिकता देश बिना संघर्ष जीवित रहन्न



सुरेशकुमार पाण्डे

मानिसलाई संसारमा स्वतन्त्र र स्वाभिमानी भएर बाँच्न सङ्घर्ष नगरी सुखै छैन । स-साना देशहरूलाई पनि आफ्नो देशको रक्षा गर्न लगातार सङ्घर्ष गर्नैपर्दछ । साम्राज्यवादी, अर्थात् अरूको देशलाई आफ्नो अधीनस्थ सम्झिनेहरूका लागि अथवा आफ्नो स्वाभिमानलाई बन्दगी राखेर बाँचेकाका लागि पनि यो सत्य होइन ।

हाम्रो छिमेकी देश भारतले लामो समयसम्म गुलामी सह्यो । त्यस दासताबाट मुक्त हुन उनीहरूले एक सय वर्ष लामो बलिदानीपूर्ण सङ्घर्ष गरेको इतिहास भेटिन्छ । देशलाई आजाद गराउन थुप्रै युवाहरूले आफ्नो बलिदान दिएका छन् । उनीहरूले विदेशीको हस्तक्षेप र गुलामीको विरोधमा सङ्घर्ष गरेका थिए । तर भारतको आजादीसँगसँगै शासकहरूमा आएको अहंकार चुलिँदै गयो । त्यसैको परिणामस्वरूप चीनसँग सन् १९६२ मा र पाकिस्तानसँग सन् १९६५ मा युद्ध भयो । त्यो युद्धपछि भारतीय गुप्तचर विभाग 'रअ' सक्रिय भएको देखिन्छ । भारतको जासुसी संस्था 'रअ' र त्यसका तत्कालीन प्रमुख काव तथा पी. एन. हक्सर सम्मिलित श्रेणीमा श्रीमती इन्दिरा गान्धीले पाकिस्तानसँगको २२ दिने युद्धपछि तुरून्तै बैठक बोलाइन् । त्यो बैठकका निर्णय बाहिर आएनन्, तर व्यवहारले उनीहरूको उद्देश्य प्रष्ट पार्दै गयो ।

इतिहास रहस्यमय षड्यन्त्रमा बल्झिएको छ । हाम्रो देशको एकीकरणबाट छिमेकीहरू पनि अत्तालिएका छन् । चीनको पनि त्यो बेला नेपाललाई हेर्ने दृष्टिकोण अत्यन्तै नकारात्मक थियो । जसको एउटा उदाहरण बेत्रावती सन्धि हो । वि.सं. १८४९ (सन् १७९२) मा नुवाकोटको बेत्रावती नदीको किनारमा नेपाल, चीन र तिब्बतबीच त्रिपक्षीय ऐतिहासिक सम्झौता भएको थियो । त्यो सन्धि गर्न गएका प्रतिनिधिहरूसँग अत्यन्तै अमानवीय व्यवहार गरिएको थियो । राजा पृथ्वीनारायण शाहले गरेको एकीकरण आन्दोलनबाट ब्रिटिस भारत र चीन दुवै अत्तालिएका थिए ।

अंग्रेजहरूले नेपाल र नेपालीलाई प्रयोग गरेर भारतमा शासन लम्बाउनु मात्र थिएन, छिमेकी देशहरूसँग नेपाली युवाहरूलाई लडाएर हुकुमी शासन फैलाउने प्रयासमा पनि थिए । तर भारतीय जनताले पनि अंग्रेजहरूको विरूद्धमा विभिन्न संघ-संस्थामा आबद्ध भएर स्वतन्त्रता आन्दोलन चलाएका थिए । भारतीय आन्दोलनमा नेपाली युवाहरू पनि होमिएपछि ब्रिटिस भारतले नेपालमा आक्रमण गऱ्यो र दुई वर्षको लामो सङ्घर्षपछि खलङ्गाको नालापानी युद्धबाट त्यो किल्ला खाली गरायो । उसले पानीको मुहान नथुनेको भए सङ्घर्ष लम्बिने निश्चित थियो । त्यो युद्धबाट अंग्रेजले नेपाली भूमि भन्दा पनि अमूल्य युवा शक्तिलाई महत्व दियो र सुगौली सन्धि भयो ।

त्यसबेला नेपाल र नेपालीहरू भारतमा गाभिए । तर करिब त्यसको सवा सय वर्षपछि अर्थात् सन् १९४७ मा अंग्रेजले भारतीय भूमि छाड्ने निधो गऱ्यो । जब भारत आजाद भयो, त्यसपछि आजाद भारतका शासक तथा राजनेताहरूको छिमेकीलाई हेर्ने दृष्टिकोण सुरू-सुरूमा विस्तारवादी नै रह्यो । पछि एउटा साम्राज्यवादी मुलुकबाट

त्यसपछि भारतले जिम्मा दिएर सिक्किम पठाएका बी.एस. दाशले पछि बिस्तारै चर्चा गरेका छन् । वास्तवमा सन् १९४७ मा सिक्किमले भारतसँगको विलय अस्वीकार गरेको थियो । तर नेहरूले सिक्किमलाई संरक्षित दर्जा बताएका थिए ।

दाश भन्छन्, "जब मलाई सिक्किम पठाइयो, त्यहाँ पुगेर मैले के गर्ने भन्नेबारे पनि मलाई जानकारी हुँदैनथ्यो । कावसँग सल्लाह माग्दा उनको जवाफ हुन्थ्यो, 'मेरो काम सरकारको निर्णय कार्यान्वयनमा ल्याउने हो, सल्लाह दिने होइन ।'

राजा चोग्याल एउटा शक्तिहीन सालिकजस्तै अवस्थामा थिए । भारतले विभिन्न सन्धि-सम्झौताबाट उनलाई कमजोर बनाइसकेको थियो । त्यहाँको संविधानसभाको ३२ सिटमध्ये चोग्याल समर्थक राष्ट्रवादी पार्टीले जम्मा एक सिट हात पार्न सफल भयो । बाँकी सबै भारतीय पक्षका थिए । त्यसरी संविधानसभाको बैठकद्वारा सिक्किम भारतमा विलय भयो । २२औं राज्य बनाउन संविधान संशोधन विधेयक २३ अप्रिल १९७५ मा भारतीय लोकसभामा पेस गरियो । विधेयक पारित भयो । १५ मे १९७५ मा जब राष्ट्रपति फखरूद्दिन अली अहमदले यो विधेयकमा हस्ताक्षर गरे, तब नामग्याल राजवंशको शासन, सिक्किमको राष्ट्रियता समाप्त हुन पुग्यो ।

भारतले नेपाललाई हेर्ने दृष्टिकोण पनि उस्तै-उस्तै छ । यसबारे राजा वीरेन्द्रले बुझेरै नेपाललाई शान्ति क्षेत्रको प्रस्ताव राखेका हुन सक्छन् । नेपालको सिक्किमको जस्तै अवस्थाबाट फाइदा उठाउने प्रयास छिमेकी मुलुकले गर्दै आएको छ ।

पहिलेको तुलनामा भारतमा बीजेपीको सरकार आएपछि झन् त्यो खतरा बढेर गएको छ । उनीहरूको राजनीतिक एजेन्डा आरएसएस (राष्ट्रिय स्वयंसेवक संघ) ले निर्धारित गर्छ । यो एउटा हिन्दू राष्ट्रवादी संगठन हो, जसको उद्देश्य एसियामा हिन्दुत्वकरण गर्नु हो । यसको स्थापना २७ सेप्टेम्बर १९२५ मा भएको थियो ।

नेपालको संविधानसभाद्वारा वि.सं. २०७२ मा आएको संविधानलाई अहिले पनि समर्थन गरेका छैनन् । उनीहरू नेपाललाई पनि सिक्किमलाई जस्तै आफ्नो संरक्षित प्रदेश ठान्दछन् । नयाँ सरकारले संविधान संशोधन बहस पत्र तैयार थालेको छ ।

नेपालमा पटक-पटक नागरिकता विधेयकद्वारा भारतीय व्यक्तिहरूको प्रवेश गराएर नेपालीहरूलाई अल्पमतमा पार्ने, देशलाई फिजीकरण गर्ने र बिस्तारै सिक्किम बनाउने उनीहरूको योजना हो । यसको पूर्तिका लागि मधेसमा घुसपैठ हुँदै आएको छ । कतिबेला कस्तो घटना देशभित्र घट्छ, त्यसबारे कसैलाई थाहा हुँदैन ।

नेपालमा भारतीय 'रअ' र अमेरिकी जासुसी संस्था 'सीआईए' सक्रिय छन् । यो कुन बेला कसको भित्र छिरेको हुन्छ, त्यसबारे बुझ्न निकै गाह्रो छ । दरबार हत्याकाण्ड भएको थियो, जहाँ एउटा परिन्दा समेत पुग्न नसक्ने ठाउँमा दुश्मन पुगेर राजपरिवारको हत्या गऱ्यो र फरार भयो । अहिले पनि त्यो कसले गऱ्यो र किन गऱ्यो भन्ने रहस्यमै छ । यही विषयलाई उजागर गर्नका लागि गृहमन्त्री सुधन गुरूङले छानबिन गराउने भएका छन् । सत्यतथ्य सार्वजनिक हुने आशा छ, हत्याकाण्डको लामो समय भएकाले के होला नहोला ?

हाम्रा देशका यस्ता-यस्ता व्यक्तिहरू रहस्यमय तरिकाबाट मारिएका छन् । उनीहरूको हत्या भएको छ, तर त्यसको रहस्य यति लामो समयसम्म खुल्न सकिरहेको छैन । २०५० जेठ ३ गते दासढुङ्गा हत्याकाण्डमा मदन भण्डारी र जीवराज आश्रित दुर्घटनामा मारिए । त्यो दुर्घटना थियो वा हत्या ? अहिले पनि रहस्यमय बनेको छ । मदन भण्डारीकै श्रीमती राष्ट्रपति बनिन्, पार्टी लामो समय सत्तामा रह्यो, छानबिन गराउनेतिर कसैले पनि ध्यान दिएनन्, फूल चढाएर बसे ।

२०५८ जेठ १९ मा घटेको घटना राजदरबार हत्याकाण्ड पनि आज २५ वर्ष पुग्यो, तर रहस्य अहिले पनि उस्तै छ । रहस्याको पर्दा उघ्रला भन्ने आशा छ । २०५४ साल भदौ २७ गते प्रेमसिंह धामीको दुर्घटनामा परी मृत्यु भएको थियो । उनी एक जना राष्ट्रवादी नेता थिए, जसले कालापानीको भूभागबारे संसदमा पहिलो आवाज उठाएका हुन् । उनको मृत्युको विषय, त्यो पनि रहस्यमय छ ।

वि.सं. २०५० र २०८२ बीचमा भएका उपरोक्त ऐतिहासिक घटनाहरूबाट पर्दा कहिले हट्ला ? त्यसको छिनोफानो कसरी होला, अनिश्चित छ । हामी आपसमा उल्झिरहने देशमा अरू कसैले अपराध गर्ने त भएको छैन? यस्तो आशङ्का सिर्जित भएको छ । अहिले देशमा आजभन्दा पहिले कुनै कालखण्डमा नभएका घटनाहरू हुँदै आएका छन् । अन्य गम्भीर विषयहरू पनि रहेका छन् ।

नेपालीको चाहना नेपालको राष्ट्रिय झण्डामुनि अखण्ड रहेर मात्र यो देशलाई लामो समयसम्म जोगाउन सकिन्छ भन्ने हो । छिमेकीको दलाली गरेर देश सुरक्षित रहन सक्दैन । पुराना दलहरूले जे गरे, परिवर्तनकारी नयाँ दल र जेनजी पुस्ताले त्यस्तो नकाम नगरिदिए हुनेथियो । युवाले संघर्ष गरून्, राष्ट्रियता जोगाउन् ।


## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवथापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिबृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

